# अध्याय-एक

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

पत्रकार र पत्रकारिता भन्ने वित्तिकै सूचना र सन्देस प्रवाह गर्ने सञ्चार माध्यमसँग जोडिएर आउने गर्दछ । सञ्चार माध्यम नागरिकले सूचना प्राप्त गर्ने एक भरपर्दो र सजिलो माध्यम हो । नागरिकको विचार अभिव्यक्ति स्वतन्त्रताको एक सबैभन्दा सहज माध्यम नै देशका सञ्चार माध्यम हुन्  (पाठक, २०७२) ।

पत्रकारलाई समाजबाट अलग गरेर हेर्न सकिदैन, पत्रकारको समाजमा विशिष्ट भूमिका हुन्छ, असल पत्रकार दृढ अवलोकनकर्ता हुन्  (रिजाल, २०१७) । सामाजिक यर्थाथलाई सृजना गर्न वा व्यवस्थित गर्न संचार प्रकृया आवश्यक हुन्छ ( दाहाल, २०१७) ।

जनताको ज्ञानका लागि रचनात्मक सेवा र सूचना प्रदान गर्ने महत्वपूर्ण साधन पत्रकारिता हो । पत्रकारिताको सम्वन्ध जीवन र जगतसँग छ (कँडेल, २०६२)। नेपालमा पत्रपत्रिकाको इतिहास साहित्यिक पत्रपत्रिकाको प्रकाशनबाट भएको पाइन्छ । वि.स १९५५ सालमा पण्डित नरदेवको सम्पादकत्वमा नेपालबाटै प्रकाशित ‘सुधासागर’लाई नेपालको पहिलो पत्रिकाको रुपमा मानिन्छ तर पनि युवाकवि मोतिराम भट्टको सकृयतामा वि.सं १९४३ मा भारतको वनारसबाट प्रकाशित ‘गोर्खाभारतजीवन’ पहिलो नेपाली भाषाको पत्रिकाको रुपमा पनि लिने गरिएको छ । नेपालमा समाचार मुलक पत्रिकाको सुरुवात भने गोरखापत्रले बोकेको छ (विष्ट, २०७२) । नेपालमा पत्रकारिताको इतिहास वि.सं. १९५८ मा ‘गोरखापत्र’को प्रकाशनबाट प्रारम्भ भएको मानिन्छ । व्यावसायिक पत्रकारिताको प्रारम्भ भने २००७ सालमा प्रजातन्त्र स्थापनासँगै भएको हो (नेपाल सरकार, २०६५) ।

नेपालमा सञ्चार क्षेत्रमा कतिपयले वि.सं. १९८० देखि नै नेपाली महिलाहरु पत्रकारितामा संलग्न हुन थालेका हुन् भनेको पनि पाइन्छ । यद्यपी नेपाली पत्रकारितामा महिला सहभागिताको इतिहास वि.स २००८ सालबाट थालनी भएको हो । साधना प्रधान र कामाक्षादेवीको सम्पादकत्वमा नेपाल महिला संघको प्रकाशनमा (नेपाली भाषाको मासिक पत्रिका) ‘महिला’ प्रकाशित भएपछि नै यस क्षेत्रमा महिलाको संलग्नता भएको पाइन्छ । त्यसपछि वि.सं २००८ मा प्रियम्बदा शर्माको प्रधानसम्पादकत्वमा ‘प्रभा’ (मासिक), वि.सं

२००९ मा कुन्तीदेवीको सम्पादकत्वमा 'प्रतिभा' (मासिक), वि.सं २०१० मा रमादेवीको सम्पादकत्व साथै प्रकाशक भएर 'जनविकास' (मासिक) पत्रिका प्रकाशित भएको देखिन्छ । वि.सं २०११ सालमा रमादेवीले 'जनसाहित्य' द्वैमासिक पत्रिका निकालेको प्रमाण भेटिन्छ । उनको जनविकास पत्रिका बाह्रौ अंक सम्म प्रकाशित भएको प्रमाण भेटिन्छ । यसैकारणले पनि होला रमादेवीलाई विशुद्ध पत्रकारिताको चेतबाट अभिप्रेरित भई यस क्षेत्रमा प्रवेश गर्ने पहिलो नेपाली महिला भनेर पनि चिनिन्छ । नेपालमा चालीसको दशक पछि नेपाल टेलिभिजनको स्थापना (स्थापना वि.सं २०४१, नियमित प्रशारण २०४२) संगसंगै पत्रकार महिलाहरुको संख्या अभिवृद्धिमा तथा तिनको गतिशिलतामा उत्साहजनक संकेतहरु परिलक्षित हुन सुरु भएको पाइन्छ । तर त्यति हुँदाहुँदै पनि मुलुकको सञ्चार क्षेत्रमा महिला सहभागिताको स्थिति राम्रो छ भन्न सकिने अवस्था अझैसम्म पनि बन्न सकेको छैन (संचारिका समुह, २०६२) ।

वि.सं. २०४६ सालको सफल जनआन्दोलनपछि गठन भएको प्रजातान्त्रिक सरकारले आर्थिक क्षेत्रमा मात्र उदारीकरणको नीति लिएन, सञ्चार क्षेत्रमा पनि उदारीकरणको नीतिअवलम्बन गर्‍यो र राष्ट्रिय सञ्चार नीति-२०४९ सार्वजनिक गर्‍यो । यस नीतिले निजी क्षेत्रका उद्यमीहरूलाई सञ्चार क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्‍यो । परिणामस्वरूप सञ्चार क्षेत्रमा सरकारको एकाधिकारको अन्त्य भई वैचारिक विविधताले स्थान पायो । जन-आन्दोलन-२ पछि प्रकाशन र प्रसारण क्षेत्र झन् व्यापक बन्यो । अन्तरिम संविधानले नागरिकको अभिव्यक्ति तथा वाक् स्वतन्त्रता र सूचना प्राप्त गर्ने हकको प्रत्याभूति गर्‍यो । अहिले देशमा ५६८ दैनिक, २४९२ साप्ताहिक, ४२७ पाक्षिक, १९७३ मासिक र अन्य समेत गरी ६,५७० पत्रपत्रिकाहरू दर्ता भएका छन् । यस्तै ३६० रेडियो, २३ टेलिभिजन च्यानलहरू शैक्षिक, सूचनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रम प्रसारणमा सक्रिय छन् । सूचना तथा सञ्चार क्षेत्रमा यति विकास भइसक्दा पनि समाजमा पछाडि पारिएका भौगोलिक, सांस्कृतिक, जातीय तथा आर्थिक समूह आफूलाई अहिले पनि बहिष्कृत भएको अनुभव गरिरहेका छन् (नेपाल सरकार, २०६९) ।

देशमा वि.सं.२०४६ सालको राजनीतिक परिवर्तन र यसले सिर्जना गरेको खुल्ला वातावरणले सिंगो संचार क्षेत्रमा विकासको ढोका खोलिदियो भने ०६२/०६३ मा भएको राजनीतिक परिवर्तनले त झन छापा र विद्युतीय संचार क्षेत्रमा विकासको बाढी नै आयो र

नयाँ-नयाँ संचार संस्थाको स्थापना हुँदै जानु कुनै आश्चर्यको कुरा रहेन । जसले गर्दा महिला यस क्षेत्रमा पहिले भन्दा बढी संख्यामा संलग्न हुने अवसर प्राप्त भयो । तर , दुःखको कुरा, संचार माध्यमको विकासको अनुपातमा त्यसमा संलग्न हुने महिलाको अनुपात भने निकै कम पाइन्छ । साथै संलग्न हुनेहरु पनि साधारण पदमा रहने र निर्णय गर्ने तहमा पुग्नेको संख्या भने न्यून रहेको पाइन्छ (संचारिका समुह, २०६८) ।

रोल्पा जिल्लामा संचार क्षेत्रको इतिहासलाई हेर्दा त्यति लामो देखिदैन । वि.सं.२०६२/०६३ को जनआन्दोलन अघि विभिन्न छापा तथा विद्युतिय संचार माध्यमसँग संलग्न रही रोल्पाली पुरुष पत्रकारहरुले काम गर्दै आएको पाइए पनि रोल्पा जिल्लामा नै २०६३ सालमा स्थापना भएको पहिलो छापा पत्रिका रोल्पा आवाज (पाक्षिक) हो (हाल संचालनमा नरहेको) । त्यस पछि क्रमशः रोल्पा समाचार राष्ट्रिय साप्ताहिक (२०६३), रेडियो रोल्पा (२०६५), रेडियो जलजला (२०६५), जलजला पोष्ट राष्ट्रिय साप्ताहिक (२०६८), जुनकीरि संचार राष्ट्रिय साप्ताहिक (२०६८), सनस्टार राष्ट्रिय साप्ताहिक (२०६९), रेडियो सुन छहरी (२०६५), रोल्पा टाइम्स दैनिक(२०६९,हाल संचालनमा नरहेको) र रोल्पा खवर राष्ट्रिय साप्ताहिक (२०७०), सुनछहरी राष्ट्रिय साप्ताहिक (२०७१), जन्मभूमी साप्ताहिक (२०७१), जनआकांक्षा राष्ट्रिय साप्ताहिक (२०७२), जनअपेक्षा साप्ताहिक (२०७२), रेडियो मालश्री (२०७३) रहेका छन् । यी पत्रपत्रिका तथा रेडियोमा समाचारदाताकोरुपमा मात्र नगन्य महिलाहरुको संलग्नता रहदै आए पनि महिलाहरु नै प्रकाशक सम्पादक भएर संचालन गरेको पहिलो पत्रिका जुनकीरि संचार राष्ट्रिय साप्ताहिक (२०६८) हो भने महिलाहरुले मात्र संचालन गरेको पत्रिका जनआकांक्षा राष्ट्रिय साप्ताहिक (२०७२) हो । हाल रोल्पा जिल्लामा ८ वटा साप्ताहिक पत्रिका र ४ वटा एफ.एम रेडियो क्रियाशील रहेका छन् ।

रोल्पा जिल्लामा महिलाहरु साहित्यिक पत्रिकाहरुमा केही लेख रचनाहरुको माध्यमबाट कलम चलाएको देखिएता पनि संचार क्षेत्रमा पत्रकारको रुपमा जिल्लामै रहेर भने वि.स २०६३ साल पछि नै संलग्न भएको पाइन्छ । हाल रोल्पा जिल्लामा पनि पत्रकारिता क्षेत्रमा महिलाहरुको आकर्षण बढ्दै गएको भए पनि अन्य क्षेत्र जस्तै यस क्षेत्रमा पनि पुरुषको तुलनामा निर्णायक तहमा पुग्न सकेका छैनन् । नेपाली पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाको पहिलो अधिवेशनबाट (२०६३) निर्वाचित कार्यसमितिमा एक जना पनि महिला नहुनु र साधारण सदस्य पनि नहुनु यसको उदाहरण

हो । दोश्रो (२०६५) कार्यसमितिमा एक जना महिला सदस्य, तेश्रो (२०६७) कार्यसमितिमा तीन जना महिला सदस्य रहेको देखिए पनि पदाधिकारीको रुपमा चौथो (२०७१) कार्यसमितिमा आइपुग्दा मात्र महिला सचिव सहित चार जना महिला पत्रकारहरु रहेको भेटिन्छ । संचार क्षेत्रमा महिलाहरुको सहभागिता र अवस्थाका वारेमा अन्य ठाउँमा धेर थोर अध्ययन अनुसन्धान भएको पाइए पनि रोल्पा जिल्लामा हालसम्म संचार क्षेत्रका महिलाहरुको अवस्था के रहेको छ ? किन यस क्षेत्रमा महिलाहरुको संलग्नता कम रहेको छ ? पत्रकारिता क्षेत्रमा संलग्न महिलालाहरु पनि अझैंसम्म किन निर्णायक तहमा पुग्न सकेका छैनन् ? पत्रकारिता क्षेत्रमा महिलाहरुले किन निरन्तरता दिन सकेका छैनन ? भन्ने बारेमा अध्ययन अनुसन्धान भएको नपाइएकाले यसबारेमा जानकारी लिन र यस क्षेत्रमा संलग्न महिलाहरुको अवस्थाको वारेमा अध्ययन विश्लेषण गर्न आवश्यक देखिन्छ ।

## १.२ समस्याको कथन

रोल्पा जिल्लाको सञ्चार कटुवाले प्रथाबाट शुरुवात भएको यहाँका अग्रजहरु बताउँछन् । कटुवालेले गाउँ, समुदायमा सञ्चार पुऱ्याउन गाउँको अग्लो डाँडामा गएर चिच्याएर सूचना दिने या घरघरमा गएर दिने गरेको पाइन्थ्यो । सञ्चार पुऱ्याउने कटुवाले पनि पुरुष नै रहेको पाइन्थ्यो । सूचना र संचारको संवाहक गाइने प्रथा पनि एक थियो । जसले गीत र सारंगीको माध्यमबाट एक ठाउँको सूचना अर्को ठाउँमा पुऱ्याएको पाइन्थ्यो । गाइनेहरु पनि पुरुष नै रहेको र गीत गाए वापत पाउने अन्नहरु बोक्ने भूमिका महिलाहरुको रहेको थियो । सञ्चारको विकासले रोल्पा जिल्लामा पनि फड्को मारेसँगै यी प्रथाहरु क्रमश: लोप भएको अवस्था छ ।

वि.सं २०६८ सालको एघारौं जनगणना अनुसार रोल्पा जिल्लाको जनसंख्या २२,४५०६ रहेको छ । जसमध्ये महिला १,२१,४०६ र पुरुष १,०३,१०० रहेकाछन् । यहाँको साक्षरता प्रतिशत ६७.०१ रहेको छ । जसमध्ये महिलाको ५८.६३ प्रतिशत र पुरुषको ७८.१८ प्रतिशत रहेको छ । जिल्ला शिक्षा कार्यालय रोल्पाको पछिल्लो तथ्यांक अनुसार १५ वर्ष देखि ६० वर्ष सम्मको जम्मा साक्षरता ९७.२४ प्रतिशत रहेको छ । जसमध्ये महिला साक्षरता ९६.५४ प्रतिशत र पुरुष साक्षरता ९७.९८ प्रतिशत रहेको देखिन्छ । पछिल्लो समयमा साक्षरता प्रतिशतको हिसावले हेर्ने हो भने रोल्पा जिल्लामा महिला र पुरुषको खासै फरक देखिएको छैन ।

महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गलाई राज्य संयन्त्रका साथै अन्य विकास प्रयासहरूमा क्रमशः समावेशी गर्दै लैजाने विषयमा व्यापक बहस र पहल थालिनुलाई सकारात्मक कदमका रूपमा आत्मसात् गर्न सकिए पनि मानिसलाई वास्तवमै चेतनशील प्राणीका रूपमा विकास गर्ने सञ्चार माध्यममा समावेशीकरणका लागि प्राथमिकताका सूचीमा नपर्नु विडम्बना नै मान्नुपर्दछ । 'मिडियाको लोकतान्त्रीकरण'मा विनयकुमार कसजुले "समाजमा हजारौँ वर्षदेखि उपेक्षित, पाखा पारिएका महिला, दलित, जनजाति समुदायलाई माथि उठाउनका लागि उनीहरूको हितमा मिडियाले काम गर्नुपर्दछ । यो काम अरु वर्ग वा समुदायका मानिसले भन्दा सम्बन्धित वर्गकै मानिसले प्रभावकारी ढङ्गले गर्नसक्छन्" उल्लेख गर्दै लेख्नुभएको छ - "लोकतन्त्रमा सबै वर्ग, समुदायको समान अधिकार र समान विकास कायम गर्न उपेक्षित वर्गलाई मिडियाको नीति निर्माण तहमा सहभागी समावेश गर्नु अनिवार्य छ (नेपाल सरकार,२०६९) ।

नयाँ नयाँ संचार प्रविधि र नीजि संचार संस्थाहरुको आगमनले छापा तथा विद्युतिय संचार माध्यम दुवैमा महिलाहरुको सहभागितामा संख्या बढेको भएता पनि महिलाहरुले पुरुषहरुसँगै समान सहभागीता र निर्णय प्रक्रियामा समानता पाउन सकेका छैनन् । अझैं पनि मूख्य व्यवस्थापनमा पुरुष हैकम र पितृसत्तात्मक संरचना भएकाले थोरै संख्यामा मात्र महिलाहरु माथिल्लो तहमा पुगेका छन् (Rana, 2003) ।

सञ्चार क्षेत्रमा महिला सञ्चारकर्मीको सहभागिता पुरुषको तुलनामा एकदमै न्यून रहेको छ । एकातिर सङ्ख्यात्मक रूपमा सञ्चार पेसामा महिला सञ्चार कर्मीको उपस्थिति ज्यादै नै कम रहेको छ भने अर्को तिर संलग्न भएर पनि यस पेसालाई निरन्तरता दिनेहरूको सङ्ख्या झनै न्यून रहेको छ । सङ्ख्यात्मक मात्र होइन, सञ्चार पेसामा महिलाको गुणात्मक सहभागितासमेत हुन सकेको छैन (संचारिका समुह नेपाल, २०६८) ।

रोल्पा जिल्लामा वि.सं. २०६१ सालमा पहिलो पटक पत्रकार महासंघको जिल्ला शाखा गठन भएको देखिन्छ । त्यतिबेला आवद्ध सदस्यहरु १६ जना मध्ये महिला एक जना पनि थिएनन् । हाल आएर पत्रकार महासंघ जिल्ला शाखाको रेकर्ड अनुसार १०५ जना सदस्य रहेका छन् जसमा पत्रकार महिला सदस्यहरुको संख्या जम्मा २३ जना रहेको छ । पत्रकार महासंघमा आवद्ध नभई स्वतन्त्र रुपले काम गरिरहेका महिलाहरुको सँख्या एकिन गर्न नसकिए पनि यस अध्ययनमा थप ११ जना क्रियाशील पत्रकार महिलाहरुलाई समेटिएको छ ।

यो अध्ययनका क्रममा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. रोल्पा जिल्लामा पत्रकारिता क्षेत्रमा महिलाको संख्यात्मक एवं गुणात्मक सहभागिताको अवस्था र उनीहरुको पेसागत समस्या के छन् ?

२. के पत्रकार महिलाहरुले पेसागत सुरक्षा र लैंगिक समानताको व्यवहार पाएका छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य रोल्पा जिल्लाका पत्रकार महिलाहरुको आर्थिक, सामाजिक, तथा व्यावसायिक पक्षबारे जानकारी लिने रहेको छ भने यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न बमोजिम रहेका छन् ।

- रोल्पा जिल्लाको पत्रकारिता क्षेत्रमा महिलाहरुको संख्यात्मक र गुणात्मक सहभागिताको अवस्था पत्ता लगाउनु,
- रोल्पा जिल्लामा पत्रकारिता क्षेत्रमा संलग्न पत्रकार महिलाहरुको सामाजिक, आर्थिक एवं पेसागत अवस्थाको साथै उनीहरुको समस्या र चुनौतीहरु पहिचान गर्नु,

## १.४ अध्ययनको सीमा

यो अनुसन्धान कार्य रोल्पा जिल्लामा रहेका पत्र पत्रिका र एफ.एम रेडियो जस्ता संचार माध्यममा संलग्न महिलाहरुमा मात्र केन्द्रीत भएकोले यसले समग्र नेपालको प्रतिनिधित्व नगर्न सक्छ । पत्रकार महिला र उनीहरूको अवस्थाका विभिन्न पाटाहरू हुन सक्छन्, सञ्चार संस्थाले गर्ने व्यवहार र सामाजिक परिवेश पनि भिन्न छ । यो अध्ययनले पत्रकार महिलाहरुको सामाजिक, आर्थिक र पेशागत पक्षहरुमा मात्र केन्द्रित हुने भएकोले अन्य पक्ष छुट्न सक्छ । सिमित स्रोत, साधन र समयावधिमा व्यक्तिगत तवरबाट अध्ययन गरिएकोले समग्र विषयलाई समेट्न सकिएको छैन । अन्यत्रका सञ्चार माध्यममा कार्यरत महिला पत्रकारहरुको सङ्ख्या, अवस्था तथा उनीहरूले भोग्नु परिरहेको समस्यालाई पहिचान गर्दैन ।

## १.५ अध्ययनको महत्व

सामान्यतया समाजशास्त्रीय लैंगिक दृष्टिकोणबाट गरिएको यस अध्ययनले रोल्पा जिल्लामा संचार क्षेत्रमा कार्यरत पत्रकार महिलाहरुको आर्थिक, सामाजिक र पेसागत पक्षबारे जानकारी लिने छ । यस क्षेत्रका महिलाहरुको अवस्थाको वारेमा चासो राख्ने जो सुकै

व्यक्तिलाई यस अध्ययनले केही मात्रामा भए पनि सहयोग गर्ने विश्वास लिइएको छ । राज्यको चौथो अंगको रुपमा रहेर अरुको समस्याहरुलाई उजागर गर्ने संचार क्षेत्र लैंगिक समावेशीतामा कति संवेदनशील रहेको छ भन्ने बारेमा जानकारी लिन र दिन पनि यो अध्ययनको अत्यन्तै महत्व रहेको छ ।

## १.६ अध्ययनको संगठन

यस शोधपत्रलाई छ अध्यायमा विभाजन गरिएको छ । प्रथम अध्यायले अनुसन्धान कार्यको परिचय समेटेको छ, जसमा अध्ययनको पृष्ठभूमी, समस्याको कथन, उद्देश्यहरु, सीमा, महत्व र संगठनका बारेमा व्याख्या गरिएको छ । दोश्रो अध्यायमा सन्दर्भ साहित्यको समीक्षा गरिएको छ, जसमा पूर्व साहित्यको समीक्षा गरिएको छ । तेश्रो अध्यायमा अनुसन्धान कार्यको विधिका वारेमा व्याख्या गरिएको छ । जसमा अध्ययन क्षेत्र छनौटको औचित्य, अध्ययनको ढाँचा, नमूना छनौट प्रकृया, तथ्यांकको प्रकृति र स्रोत, तथ्यांक संकलन विधि र तथ्यांक संकलन सम्बन्धी चर्चा गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्र रोल्पा जिल्लाको परिचय र रोल्पा जिल्लाको पत्रकारिता क्षेत्रको बारेमा व्याख्या गरिएको छ । पाँचौ अध्यायमा पत्रकार महिलाहरुको सामाजिक, आर्थिक र सहभागिताको वस्तुस्थितिको वारेमा विश्लेषण गरिएको छ । छैंठौ अध्यायमा सारांश, सुझाव र निश्कर्ष राखिएको छ ।

# अध्याय - दुई

## सन्दर्भ साहित्यको अध्ययन

समाजले परिकल्पना गरेको “महिला जाति” अर्थात महिलाको सामाजिक लिंग “स्त्री लिंग” जनाउने शारीरिक रुप भन्दा धेरै फरक हुन्छ । स्त्रीको शारीरिक स्वरुप संसारभरि नै एकै खालका हुन्छन् । यो उनीहरुले प्रकृतिबाट पाएको प्राकृतिक लिंग हो । “मानव पुनर्उत्पादन” अर्थात प्रजनन प्रक्रियामा उनीहरुको भूमिका पनि संसार भरि नै एकै प्रकारको छ । तर स्त्रीको सांस्कृतिक स्वरुपको सामाजिक परिकल्पना भने परिवेश, समय ,स्थान अनुसार भिन्न भिन्न र परिवर्तनशील रहेको देखिन्छ । लैंगिक सम्वन्ध (Gender Relation) समाजद्वारा निर्मित मान्यताहरु र शक्ति संरचनाको परिणाम हो र समय सापेक्ष हुन्छ । प्रकृतिले महिलाहरुलाई सुम्पेको प्रजनन भूमिकाले गर्दा उनीहरु पुरुषको अधिनमा रहनुपर्छ भन्ने कुनै प्राकृतिक वाध्यता छैन । यो एउटा संस्कार हो जसले पुरुषको प्रधानता र महिलाको पराधीनतालाई स्थापित गरेको छ । प्रजनन विना मानव जाति चीर स्थायी हुदैन र मातृत्वको स्थान सबै संस्कृतिमा सम्माननीय छ । तर मानव इतिहासको वर्तमान कालमा महिलाको पराधीनता कुनै न कुनै स्वरुपमा सर्वव्यापी छ । कसरी र कहिले यसको शुरुवात भयो भन्ने कुरा विवादास्पद नै छ । केही नारीवादीहरु महिलाको अधिनताको आरम्भ कृषि युगबाट भएको मान्दछन् । अर्कोथरी शिकारी जीवनमा गर्भावस्था र स्तनपानको समयमा महिला र बालवच्चालाई विशेष सुरक्षाको आवश्यकतासँगै महिलाको पराधीनता शुरु भएको मान्दछन् । पितृसत्तात्मक विचारधारा एउटा बहुआयामिक अवधारणा हो । यसले सामाजिक जीवनका क्षेत्रलाई प्रभावित तुल्याएको छ । महिलाको पराधीनता आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र सैद्धान्तिक सबै क्षेत्रमा विद्यमान छ । यी सबै पक्षका मान्यताहरुले महिलालाई दबाउन एक अर्काको पुरकको काम गर्दछन् (आचार्य, २०६२) ।

नेपालमा महिलाहरु बहुसंख्यामा भईकन पनि उनीहरुले प्रभुत्व जमाउने कुरा त परै छाडौं, पूर्णरुपमा समान हैसियतसम्म बनाउन सकेका छैनन् (बेनेट र अन्य, २०१३) । राज्यका हरेक निकाय र नीति निर्माण तहमा महिला सहभागिता जति हुन सक्यो त्यति नै महिलामैत्री वातावरण बन्न सक्छ । राज्यको चौथो अंगका रुपमा रहेको सञ्चार क्षेत्रमा आबद्ध भई काम गर्ने पत्रकार महिला पनि त्यत्तिकै टाठो र चनाखो हुनुपर्ने पेशागत दायित्व पनि हो तर

साँघुरो घेराभित्र रहेको हाम्रो समाजले नै त्यस्ता चुनौती थपेको छ जुन चुनौतीका कारण पत्रकार महिला पेशाबाटै पलायन हुन बाध्य छन् (खड्का, २०७०) ।

सञ्चार संस्थाहरु पत्रकारहरुको सुरक्षाप्रति गम्भीर भएका छैनन् । पत्रकारहरुको वीमा छैन, क्षतिपूर्ति छैन, आपदमा उपचार छैन र त्यस्ता कठिन क्षेत्रका समाचार पठाउँदा उचित पारिश्रमिक र प्रोत्साहन पनि छैन । प्रेस काउन्सिलले हरेक वर्ष श्रमजीवी पत्रकारहरुको अधिकारको रक्षाका लागि बनेका कानुनहरुको प्रभावकारी कार्यान्वयनको सुझाव प्रस्तुत गर्दै आए पनि सञ्चारमाध्यमका सञ्चालकहरुबाट त्यसको सम्मान हुन सकेको छैन । श्रमजीवी पत्रकार कानुनको सशक्त कार्यान्वयनतर्फ गम्भीर नबन्ने हो भने स्वतन्त्र प्रेसको खम्बा मानिने श्रमजीवी पत्रकारहरु विस्तारै पेशाबाटै पलायन हुँदै जाने खतरालाई पनि नकार्न सकिँदैन । प्रेस जगतलाई आवश्यक योग्य एवम् दक्ष जनशक्तिलाई आकर्षित गर्न तथा पेशामा उनीहरुलाई टिकाइराख्न पनि यो कानुनको कार्यान्वयनले मात्र उचित वातावरण बनाउन सक्दछ । पत्रकारिता क्षेत्रको व्यावसायिक विकास तथा जिम्मेवार एवम् मर्यादित पत्रकारिताको लक्ष्य हासिल गर्न पनि श्रमजीवी पत्रकारहरुलाई जीवनवृत्तिका दृष्टिमा सुरक्षित महसूस गराउन आवश्यक छ (नेपाल सरकार, २०६५) ।

संचार क्षेत्रको विकासकालागि राष्ट्रिय संचार नीति, २०४९ र दुरसंचार नीति, २०५६ अवलम्वन गरिएका छन् । संचारमा लैंगिक संवेदनशीलता वृद्धि गर्ने, संचार माध्यममा महिलाको सकारात्मक छवि प्रश्तुत गर्ने, महिलालाई संचार क्षेत्रको निर्णायक तहमा सहभागी तुल्याउने तथा बैकल्पिक संचार माध्यमको विकास गर्ने जस्ता नीतिहरु रहेका छन् । विगत केही वर्षदेखि आमसंचार माध्यमबाट सम्प्रेषण हुने विषयवस्तु क्रमशः महिला अधिकार तथा लैंगिक दृष्टिकोण तर्फ उन्मुख हुदै आएको छ भने संचारका विविध कार्यक्रमहरुको भूमिका जस्तै, समाचार संकलन, सम्पादन तथा बाचन, कार्यक्रम उत्पादन, प्रशारण, निर्देशन, पत्रकार, स्रोतव्यक्ति, पैरवी इत्यादिमा महिला सहभागिता बढेको स्पष्ट देखिन्छ । तथापि यी नीतिहरु लैंगिक दृष्टिकोणले कार्यान्वयन गर्न थप प्रयास हुनु जरुरी देखिन्छ (नेपाल सरकार, २०६१) ।

सञ्चारगृहहरू समावेशी नभएका कारण धेरै घटना र विषयवस्तुहरू सम्प्रेषण हुन सकेका छैनन् । महिला, मधेशी, आदिवासी, जनजाति, दलित, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गका मुद्दाहरूलाई उठाउन आवश्यक नठान्ने विगतको साँघुरो सोंचका कारण

सञ्चार माध्यम समावेशी बन्न सकेको थिएन । सञ्चार माध्यमहरूमा भौतिक उपस्थितिको कमीका कारण महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गको समाचार न्यायोचित रूपमा सम्प्रेषण भइरहेको छैन भन्ने गुनासो व्यापक छ (नेपाल सरकार, २०६९) ।

IFJ, २०१५ को निश्कर्ष अनुसार संचार उद्योगमा महिला र पुरुषको समान सहभागिताका लागि धेरै समय लाग्ने देखिन्छ । पत्रकार महिलाहरुको योगदानलाई कम आँकलन गर्ने र उनीहरुको क्षमता विकासमा गम्भीरता नदेखाउने एवं संचार क्षेत्रको आन्तरिक र बाह्य पक्षबाट विभिन्न भेदभाव र दुर्व्यवहार खेप्नुपरेको अवस्थाले पत्रकार महिलाहरुको उपस्थिति कम रहेको छ ।

IWMF, २०११ ले गरेको सर्वेक्षण अनुसार विश्वमा पूर्णकालीन रुपमा पत्रकारिता क्षेत्रमा संलग्न महिला पत्रकारहरु ३३.३ प्रतिशत रहेको देखिए पनि नेपालको सन्दर्भमा नेपाल पत्रकार महासंघ सन् २०१५ को तथ्यांक अनुसार १०,०७७ जना आवद्ध सदस्य मध्ये १६१३ जना (१६ प्रतिशत) मात्र महिला पत्रकार आवद्ध रहेका छन् ।

# अध्याय- तीन

# अध्ययन विधि

यस अध्ययनमा रोल्पा जिल्लाका पत्रकार महिलाहरुको अवस्थालाई लैंगिक दृष्टिले नियाल्दै तिनको वास्तविकता पहिचान गर्नुमा केन्द्रित छ । खासगरी लैंगिकता र विकासको अवधारणा सँगसँगै विकासका लागि महिला सशक्तिकरणको आवश्यकतालाई अन्तराष्ट्रिय जगतले उच्च महत्वका साथ उठाउन शुरु गरेको हो । महिला सशक्तिकरण महिलाको मात्र सरोकारको मुद्दा होइन, यो विकासको अपरिहार्य आवश्यकता हो भन्ने तथ्य विश्व समुदायलाई बुझाउन विगत तीन दशक देखि अन्तराष्ट्रिय जगत निरन्तररुपमा लागिरहेको छ ।

महिला र पत्रकारिता भन्नासाथ दुई पक्षलाई हेर्नुपर्ने हुन्छ । एउटा पक्षले पत्रकारिता क्षेत्रमा महिला र महिलासँग सम्वन्धित विषयलाई कुन रुपमा चित्रण गरिएको छ भन्ने हेर्दछ भने अर्को पक्षले पत्रकारिता क्षेत्रमा महिला सहभागिताको स्थिति के छ र सञ्चार संस्था भित्र निर्णायक तहमा महिलाको सहभागिता कस्तो छ भनेर हेर्दछ । सञ्चार माध्यमहरुमा महिलाका मुद्दाले प्राथमिकताका साथ स्थान नपाउनुको पछाडि विभिन्न कारणहरु मध्ये पत्रकारिता क्षेत्रमा महिला सहभागिता कम हुनु पनि एक हो । सन् १९८० मा कोपनहेगनमा सम्पन्न दोस्रो विश्व महिला सम्मेलनले पनि यो कुरालाई उठाएको देखिन्छ भने सन् १९८५ मा केन्याको राजधानी नैरोबीमा सम्पन्न तेस्रो विश्व महिला सम्मेलनले यो विषयलाई झनै महत्व दिएर अगाडी सार्‍यो । सन् १९९५ मा भएको बेइजि[a] सम्मेलनले महिलाका लागि बाह्र वटा मुख्य सरोकारका क्षेत्र निर्धारण गरेको थियो । जस मध्ये 'महिला तथा सञ्चार' पनि एउटा मुख्य सरोकारको क्षेत्र हो भनी औंल्याइएको छ । यस अर्न्तगत समाजमा महिलाहरुले निर्वाह गरेको विविध सकारात्मक भूमिकालाई सञ्चार माध्यममा प्रवर्द्धन गर्ने तथा सञ्चार र सञ्चारका नयाँ प्रविधि मार्फत निर्णय लिने तथा अभिव्यक्त गर्ने कार्यमा महिलाको महुँच र सहभागितामा अभिवृद्धि गर्ने रणनीतिक उद्देश्यलाई अवलम्वन गरी कार्यक्रम निर्धारण गर्न आव्हान गरिएको छ । यथार्थमा प्रस्तुत अध्ययनको आवधारणगत खाका यिनै पृष्ठभूमिहरुबाट प्रेरित भई निर्माण भएको हो । यस अध्ययनमा सञ्चार र महिला विषय अर्न्तगत खासगरी रोल्पा जिल्लामा सञ्चालनमा रहेका छापा तथा विद्युतीय

सञ्चार माध्यमहरुमा पत्रकार महिलाको अवस्थालाई लैंगिकताको दृष्टिले नियाली तिनको वास्तविकतालाई उजागर गर्ने प्रयास गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौट

यो अध्ययनमा रोल्पा जिल्लाको पत्रकार महासंघ जिल्ला शाखा रोल्पामा आवद्ध रहेका महिलाहरु र आवद्ध नरही जिल्लाका संचार संस्थाहरुमा कार्यरत पत्रकार महिलाहरुलाई समेट्ने प्रयास गरिएको छ । अध्ययनको सिलसिलामा जिल्लामा सञ्चालित संचार संस्थाहरुमा पुगी सूचना तथा जानकारीहरु संकलन गरिएको छ ।

## ३.२ अध्ययनको ढाँचा

यस शोधपत्र अध्ययन तयार गर्दा वर्णनात्मक तथा विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । संचार क्षेत्रमा पत्रकार महिलाहरुको उपस्थिति, उनीहरुको सामाजिक, आर्थिक तथा व्यवसायिक पक्षको वारेमा विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## ३.३ समग्रता विधि

रोल्पा जिल्लामा पत्रकारिता गर्ने क्रममा पत्रकार महिलाहरु कुन अवस्थामा काम गरिरहेका छन् ? तिनले के कस्तो अवस्थाको सामना गरिरहनु परेको छ ? र पत्रकारिता क्षेत्रमा महिलाको सहभागिता अभिवृद्धि गर्नका लागि मुख्यत: के ले वाधा गरेको छ भन्ने तथ्य पत्ता लगाउनु नै यस अध्ययनको उद्देश्य भएको हुनाले जिल्लाका छापा माध्यम रोल्पा समाचार राष्ट्रिय साप्ताहिक, जुनकीरि संचार राष्ट्रिय साप्ताहिक, सनस्टार राष्ट्रिय साप्ताहिक, रोल्पा खवर राष्ट्रिय साप्ताहिक, सुनछहरी राष्ट्रिय साप्ताहिक, जन्मभूमी साप्ताहिक, जनआकांक्षा राष्ट्रिय साप्ताहिक, जनअपेक्षा साप्ताहिक तथा विद्युतीय सञ्चार माध्यमहरुमा रेडियो रोल्पा, रेडियो जलजला, रेडियो सुन छहरी र रेडियो मालश्रीमा कार्यरत स्वतन्त्र ११ जना पत्रकार महिलाहरु एवं पत्रकार महासंघ जिल्ला शाखा रोल्पामा आवद्ध रहेका २३ जना गरी ३४ जना पत्रकार महिलाहरु सबैको अवस्थालाई नियाल्ने जमर्को गरिएको छ ।

## ३.४ तथ्यांकको स्रोत

यो अध्ययनको तथ्यांकको स्रोत प्राथमिक र द्वितीय दुवै खाले उपयोग गरिएको छ । प्राथमिक तथ्यांकहरु अध्ययन क्षेत्रमा पुगी पत्रकार महिलाहरुसँग प्रत्यक्ष रुपमा प्रश्नावलीहरुबाट तथ्यांक र जानकारीहरु संकलन गरिनुको साथै जानिफकार व्यक्तिसँगको अन्तवार्ता, संचार प्रतिष्ठान व्यवस्थापकहरुसँगको अर्न्तवार्ता, केही संचार संस्थाहरुको कार्यालयको अवलोकन र महिला अधिकारकर्मीहरुको विचार पनि लिइएको छ । द्वितीय तथ्यांकहरुमा सम्बन्धित साहित्यहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको प्रकाशित र अप्रकाशित प्रतिवेदनहरु, लेख रचना, पत्रपत्रिकामा छापिएका समाचार, पुस्तक र इन्टरनेटबाट प्राप्त सूचनालाई पनि यस अध्ययनमा सूचनाको स्रोतको रुपमा लिइएको छ । तथ्यांकको प्रकृति गुणात्मक र परिमाणात्मक दुवै किसिमको छ ।

## ३.५ तथ्यांक संकलन विधि

यस अध्ययनमा तथ्यांक संकलन गर्नका लागि निम्न विधिहरु अवलम्वन गरिएको छ ।

### ३.५.१ प्राथमिक तथ्यांक संकलन विधि

#### क) प्रश्नावली सूची

अर्धसंरचित प्रश्नावली सूची तयार पारी छनौट भएको संचार संस्थामा कार्यरत पत्रकार महिलाहरुसँग प्रश्न सोधिएको छ । प्रश्नावली लिएर फिल्डमा जानुभन्दा पहिले सहज भए नभएको पत्ता लगाउन केही संख्यामा पूर्व परीक्षण गरिएको थियो । उक्त परीक्षणबाट आएको पृष्ठपोषणको आधारमा फिल्डमा लागु गरिएको छ । प्रश्नावली सूचीमा जम्मा ४७ वटा प्रश्नहरु समावेश गरिएको छ जसमध्ये धेरै जसो बन्द प्रश्नहरु र केही खुल्ला प्रश्नहरु समावेश गरिएको छ । प्रश्नहरु पत्रकार महिलाहरुको व्यक्तिगत तथा पारिवारिक विवरण, व्यवसायिक विवरण, जिम्मेवारीको विवरण, सामाजिक आर्थिक, पेसागत अवस्थामा परेको प्रभाव, समाजले उनीहरु प्रति हेर्ने दृष्टिकोण र उनीहरु प्रति गर्ने व्यवहार, उनीहरुले लैंगिक विभेद र हिंसाका घटनाहरु बाहिर ल्याए नल्याएको र ती घटनाहरुले कानुनी उपचार पाए नपाएको र त्यस्ता घटनाहरु बाहिर ल्याउदा भोग्नु परेका समस्याहरु, कार्यालय भित्रको वातावरण, दृष्टिकोण/धारणा तथा सुझाव र व्यक्तिगत अनुभव जस्ता विषयहरुमा आधारित

छन् । प्रश्नावली पत्रकार महासंघ जिल्ला शाखा रोल्पामा आवद्ध रहेका २३ जना र अन्य ११ जना गरी जम्मा ३४ जना पत्रकार महिलाहरुले भरेका छन् ।

**ख) अर्न्तवार्ता**

पत्रकार महिलाहरुका अवस्थाको वारेमा जानकारी लिन अर्ध-संरचित प्रश्नावलीका आधारमा निम्न व्यक्तिहरुसँग अर्न्तवार्ता लिइएको छ ।

जानिफकार व्यक्तिसँगको अर्न्तवार्ता : जानिफकार व्यक्तिहरुसँग असंरचित प्रश्नावलीका आधारमा अन्तवार्ता गरिएको छ । जानिफकार व्यक्तिका रुपमा पत्रकार महासंघका अध्यक्ष र भु.पु अध्यक्षहरु, एफ.एम रेडियो स्टेशन मेनेजरहरु, महिला अधिकारकर्मीहरु रहेका छन् । उनीहरुलाई रोल्पाको  महिला पत्रकारिताको इतिहास, रोल्पा जिल्लाको पत्रकार महिलाहरुको अवस्था, रोल्पा जिल्लाका पत्रकारहरुले पत्रकारिता गरे वापत उचित पारिश्रमिक तथा सेवा सुविधाहरुको अवस्था, पत्रकारिता क्षेत्रमा महिलाहरुको संख्या कमी हुनु र भएकाहरु मध्येबाट पनि निर्णायक तहमा पुग्न नसक्नुको कारण,पत्रकार महिलाहरुले पत्रकारिता क्षेत्रमा निरन्तरता दिन नसक्नुको कारण, पत्रकार महिलाहरुलाई समाज, स्रोत र संचार व्यवस्थापकले हेर्ने दृष्टिकोण, पत्रकार महिलाका लागि देखिएका समस्या र चुनौतीहरु, महिलाका समस्याहरुलाई सामाजिक समस्याको रुपमा आवाज उठाउन पत्रकारको भूमिका जस्ता विषयमा धारणा बुझ्ने प्रयास गरिएको छ ।

संचार प्रतिष्ठानका व्यवस्थापकहरुसँगको अर्न्तवार्ता : असंरचित प्रश्नावलीका आधारमा संचार प्रतिष्ठानका व्यवस्थापकहरुसँग अर्न्तवार्ता गरिएको छ । व्यवस्थापकका रुपमा रोल्पा जिल्लाका एफ.एम संचालक तथा पत्रिका संचालकहरु रहेका छन् । उनीहरुलाई उनीहरुको संस्थामा संचारकर्मीको छनौटको आधार, संचारकर्मीको सेवा सुविधाको अवस्था, उनीहरुको संचार संस्थामा महिलाहरु पुगेको तह, संस्थाको जिम्मेवारी दिने प्रक्रिया, पुरुषको तुलनामा महिलाको भूमिका, पत्रकार महिलाहरुले संस्थालाई उपलव्ध गराउने समय, संचार क्षेत्रमा गुणात्मकता ल्याउन संचारकर्मीको क्षमता विकासमा दिने अवसर, संस्थामा पत्रकार महिलाहरुको क्षमता विकासमा संस्थाले गरेको व्यवस्था, काम वीचमै छाड्ने समस्या, यसरी छाड्नेमा बढी को ? जस्ता विषयमा विचार ल्याइएको छ ।

**ग) घटना अध्ययन**

जिल्लामा स्थापित ४ जना महिलाहरुको व्यक्तिगत जीवन, पारिवारिक अवस्था, शैक्षिक अवस्था, पेसागत दक्षता र कार्यानुभव, आत्मसम्मान र सामाजिक सहभागिताको अवस्थाको वारेमा अध्ययन गरिएको छ भने १ जना निरन्तरता दिन नसकेको पत्रकार महिलाको व्यक्तिगत जीवन, पारिवारिक अवस्था, शैक्षिक अवस्था र निरन्तरता दिन नसक्नुको कारणको सन्दर्भमा घटना अध्ययन गरी निश्कर्षहरु निकालिएको छ ।

### ३.५.२ द्वितीय तथ्यांक संकलन विधि

द्वितीय तथ्यांकहरुमा लैंगिक दृष्टिकोण र संचार क्षेत्रमा महिलाको अवस्था सम्वन्धि साहित्यहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको प्रकाशित र अप्रकाशित प्रतिवेदनहरु, लेख रचना, पत्रपत्रिकामा छापिएका समाचार, पुस्तक, इन्टरनेटबाट प्राप्त गरिएको छ ।

## ३.६ तथ्यांक विश्लेषण

विभिन्न विधिहरुबाट प्राप्त संकलित तथ्यांकहरुलाई तिनीहरुको प्रकृतिको आधारमा परिमाणात्मक तथ्यांकलाई तालिकीकरण र बर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । तथ्यांकहरुलाई तालिका र प्रंतिशतमा पनि प्रस्तुत गरिएको छ । घटना अध्ययन, समुह छलफलबाट गुणात्मक तथ्यांकहरुलाई विस्तृत अध्ययन गरी निचोड निकालिएको छ ।

# अध्याय- चार

# रोल्पा जिल्ला र संचार/पत्रकारिता क्षेत्र

## ४.१ रोल्पा जिल्लाको परिचय

रोल्पा भनेर चिनिने यो जिल्ला स्थान विशेष “रोल्पाथुम” को कारणले रोल्पा बनेको हो । तर अनौठो कुरो के छ भने अहिले “रोल्पा” भन्ने स्थान रोल्पा जिल्लामा नपरी सल्यान जिल्लामा पर्दछ । तत्कालिन पञ्चायती व्यवस्थाले पछिल्लो पटक वि.सं २०१८ सालमा नेपालको भौगोलिक संरचनालाई पुनः हेरफेर गर्दा प्यूठान, रुकुम, सल्यान, र दाa जिल्लाको विभिन्न भागमा पर्ने स्थानलाई मिलाएर रोल्पा जिल्ला निर्माण गरिएको थियो । यसरी सिमाना हेरफेर गर्ने क्रममा रोल्पाथुमको केही भाग सल्यानमा मिलाउँदा “रोल्पा” पनि सल्यान जिल्ला मै छुट्न गएको हो ।

रोल्पा जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत राप्ती अञ्चलमा पर्ने पहाडी जिल्ला हो । यस जिल्लाको सदरमुकाम लिबाङमा रहेको छ । पूर्वमा बागलुङ र प्यूठान, पश्चिममा सल्यान, उत्तरमा रुकुम र दक्षिणमा दाङ जिल्ला यस जिल्लाका छिमेकी जिल्लाहरु हुन् । जनजातिहरुको बाहुल्यता रहेको रोल्पा जिल्लामा क्षेत्री, दलित, ब्राम्हण, ठकुरी लगायतका जातिहरुको संयुक्त बसोबास रहेको छ । विविध संस्कृति, चालचलन, परम्परा तथा आनीबानीका मानिसहरुको संगम रहेको यो जिल्ला भौगोलिक विकट रहे पनि सुन्दर छ । २०६८ सालको जनगणना अनुसार जिल्लाको जनसंख्या २ लाख २४ हजार ५ सय ६ जना रहेको छ । जसमा १ लाख २१ हजार ४ सय ६ जना महिला र १ लाख ३ हजार १ सय जना पुरुष रहेका छन् । मगर जातिको बाहुल्यता रहेको यस जिल्लामा प्रतिशतको हिसावले ४४ प्रतिशत मगर, ३३ प्रतिशत क्षेत्री, १५.२५ प्रतिशत दलित, २ प्रतिशत सन्यासी, १.०७ प्रतिशत ब्राह्मण र ४.६८ प्रतिशत अन्य रहेका छन् । वि.सं २०६८ सालको जनगणना अनुसार यहाँको जम्मा साक्षरता ६७.०१ प्रतिशत रहेको छ । जसमध्ये महिलाको ५८.६३ प्रतिशत छ भने पुरुषको ७८.१८ प्रतिशत रहेको छ ।

राप्ती अञ्चलको कान्छो जिल्लाको रुपमा रहेको रोल्पा जिल्लालाई राज्यबाट प्राप्त हुने अवसर, स्रोतसाधन, पहुँचबाट निकै थोरै मात्र लाभ प्राप्त हुदै आएको छ । विकासका हरेक अवसरबाट सधैं वन्चितिकरणमा पर्दै आएको यो जिल्ला वि.सं २०५२ सालको तत्कालीन

माओवादी जनयुद्धबाट थिलथिलो भएको छ भने अझैं विकासका हरेक क्षेत्रमा माथि उठ्न सकेको छैन ।

तत्कालिन अवस्थामा ५१ गा.वि.स रहेको यस जिल्लामा वि.सं २०७१ सालमा १ नगरपालिका र ४९ वटा गा.वि.स रहेका थिए भने हालको पुर्नसंरचनाबाट ५ नं प्रदेशमा रहेको यस जिल्लामा १ नगरपालिका र ९ वटा गाउँपालिका रहेका छन् ।

## ४.२ रोल्पा जिल्लाको संचार/पत्रकारिता

रोल्पा जिल्लाको सञ्चार कटुवाले प्रथाबाट शुरुवात भएको यहाँका अग्रजहरु बताउँछन् । कटुवालेले गाउँ, समुदायमा सञ्चार पुऱ्याउन गाउँको अग्लो डाँडामा गएर चिच्याएर सूचना दिने या घरघरमा गएर दिने गरेको पाइन्थ्यो । सूचना र संचारको संवाहक गाइने प्रथा पनि एक थियो । जसले गीत र सारंगीको माध्यमबाट एक ठाउँको सूचना अर्को ठाउँमा पुऱ्याएको पाइन्थ्यो । सञ्चारको विकासले रोल्पा जिल्लामा पनि फड्को मारेसँगै यी प्रथाहरु क्रमशः लोप भएको अवस्था छ ।

वि.सं पचासको दशकदेखि मात्र रोल्पा जिल्लामा छापा पत्रकारिताको शुरुवात भएको हो । विशेषगरी छापा माध्यममा काम गर्ने पत्रकारहरुको सामान्य उपस्थितिबाट नै रोल्पामा पत्रकारिताको शुरु भएको मान्न सकिन्छ । वि.सं २०६१ पौष १४ गते आईतबार राजधानीबाट निस्कने तथा अन्य मोफसलका अन्य जिल्लाबाट निस्कने पत्रपत्रिका तथा प्रशारण हुने रेडियोमा काम गर्ने १६ जना पत्रकारहरुको भेलाले रोल्पा जिल्लामा पत्रकार महासंघको गठन भएको थियो । महासंघको शाखा गठन हुनुले रोल्पामा पत्रकारिताको क्रमिक विकास भएको प्रमाण पाउन सकिन्छ । महासंघ स्थापना पछि यहाँ छापा र विद्युतीय सञ्चारमाध्यमको विकास भएको पाइन्छ । ढिलै भएपनि आशलाग्दो रुपमा सञ्चारमाध्यमको विकास भएको छ । सञ्चारमाध्यमहरुको संस्थागत विकास समेत भइरहेको छ । स्थानीय र केन्द्रीय तहका सञ्चारमाध्यममा काम गर्ने पत्रकारको संख्यामा समेत वृद्धि भएको छ । पत्रकारिताको संस्थागत विकाससँगै पत्रकारिता क्षेत्रमा काम गर्ने पत्रकार महिलाहरुको पनि क्रमशः सहभागिता बढेको देख्न सकिन्छ ।

# अध्याय- पाँच

# पत्रकार महिलाको सामाजिक, आर्थिक र सहभागिताको वस्तुस्थिति

केही वर्ष अघि सम्म पनि जिल्लामा महत्वपूर्ण कार्यक्रम हुँदा, पत्रकार सम्मेलनको आयोजना गरिंदा वा अन्य कुनै विपत्तिको समाचार संकलन गर्न जाँदा महिला पत्रकारको संख्या न्यून हुन्थ्यो । वदलिदो परिस्थितमा महिलाहरु पनि अव विभिन्न समाचार सामग्रीको खोजी, उत्पादन र प्रस्तुत गर्न थालेका छन् । यसैले पनि पत्रकार महिलाको सामाजिक, आर्थिक र सहभागिताको वस्तुस्थितिलाई लिएर अध्ययन आवश्यक भएको हो ।

यस अध्ययनमा सामाजिक वस्तुस्थिति अर्न्तगत पत्रकार महिलाहरुको जात जाति, उमेर समूह, शिक्षा, वैवाहिक स्थिति, पारिवारिक संरचनालाई हेरिएको छ । आर्थिक वस्तुस्थिति अर्न्तगत पत्रकार महिलाहरुको पारिवारिक पेशा, उनीहरुको अन्य पेशा, परिवारमा सम्पत्तिको स्वामित्व, परिवारको आम्दानीको स्रोत, उनीहरुको तलव/पारिश्रमिक, खर्च र वचतलाई समेटिएको छ । सहभागिताको वस्तुस्थिति अर्न्तगत पत्रकारिता पेशामा प्रवेश, पत्रकारिता पेशा छान्नुको कारण, कुन संचार माध्यममा वढी, तालिमको स्थिति, सेवा प्रवेशमा नियुक्ति प्रक्रिया, पदीय कामको जिम्मेवारी, विषयगत कार्यक्षेत्र, पुरुष सहकर्मीको व्यवहार जस्ता पक्षहरु लगायत उनीहरुको धारणा तथा सुझावलाई समेटिएको छ ।

## ५.१ सामाजिक वस्तुस्थिति

रोल्पा जिल्लाका पत्रकार महिलाहरुको सामाजिक वस्तुस्थिति केलाउने क्रममा जातजाति, उमेर समूह, शिक्षा, वैवाहिक स्थिति र पारिवारिक संरचनालाई नियाल्ने प्रयास गरिएको छ ।

### ५.१.१ जात/जाति

रोल्पा जिल्ला जातिगत बसोबासको हिसावले मगर समुदायको बाहुल्यता रहेको छ । यस जिल्लामा प्रतिशतको हिसावले ४४ प्रतिशत मगर, ३३ प्रतिशत क्षेत्री, १५.२५ प्रतिशत दलित, २ प्रतिशत सन्यासी, १.०७ प्रतिशत ब्राह्मण र ४.६८ प्रतिशत अन्य रहेका छन् ।

पत्रकार महासंघ जिल्ला शाखा रोल्पाको तथ्यांकलाई हेर्ने हो भने पनि १०५ जना पत्रकारहरु मध्ये महिलाको संख्या जम्मा २३ र पुरुषको संख्या ८२ रहेको छ भने जात जातिगत

बसोबासको आधारमा हेर्ने हो भने दलित सहभागिता कम भएको तलको तालिकाले देखाउँछ ।

**तालिका नं. १ : रोल्पा जिल्लाका पत्रकार महासंघमा आवद्ध सदस्यहरुको विवरण**

| जातजाति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ब्राम्हण | ३ | १७ | २० | १९ |
| क्षेत्री | ६ | २७ | ३३ | ३१ |
| जनजाति | १३ | ३२ | ४५ | ४२ |
| दलित | १ | ६ | ७ | ७ |
| जम्मा संख्या | २३ | ८२ | १०५ | |
| प्रतिशत | २२ | ७८ | १०० | १०० |

स्रोत : पत्रकार महासंघ, २०७२

अध्ययनको क्रममा लिइएको तथ्यांक अनुसार रोल्पा जिल्लामा पत्रकार महिलाहरु प्रवेशको हिसावले सबै भन्दा बढी जनजाति ६७ प्रतिशत रहेको छ । त्यसैगरी ब्राह्मण ९ प्रतिशत, क्षेत्री १८ प्रतिशत, दलित ६ प्रतिशत रहेको छ । पेशालाई निरन्तरता नदिनेमा जनजाति ६१ प्रतिशत, ब्राम्हण ८ प्रतिशत, क्षेत्री २३ प्रतिशत र दलित ८ प्रतिशत रहेको छ । जातिय बसोबासको हिसाबले पनि जनजाति महिलाहरुको बढी सहभागिता देखिए पनि निरन्तरताको हिसावले अन्य जातिको तुलनामा ब्राम्हण समुदायका महिलाहरुको निरन्तरता अगाडी देखिन्छ भने दलित समुदायका महिलाहरुको सहभागिता र निरन्तरता दुवै एकदमै कम छ भन्ने कुरा तलको स्तम्भ चित्र नं. १ बाट प्रष्ट हुन सकिन्छ ।


चित्र नं. १ : पत्रकार महिलाको जाति अनुसारको सहभागिता

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

### ५.१.२ उमेर

उमेर अनुसार मानिसको सोंचमा परिवर्तन आउँछ र उमेर वढ्दै जाँदा विश्लेषण गर्ने क्षमतामा परिपक्वता आउँदछ । त्यसैले कुन उमेर समूहका महिलाहरु यो पेशामा संलग्न हुँदा रहेछन् भन्ने कुरा पनि हेर्न जरुरी छ । पत्रकार महिलाहरुले पत्रकारिता पेशामा उमेर बढ्दै जाँदा पेशालाई निरन्तरता दिनलाई कठिनाई भएको तलको तालिकाले देखाएको छ । १८ देखि २५ वर्ष सम्मका ११ जना, २६ देखि ३० वर्ष सम्मका १४ जना, ३१ देखि ३५ वर्ष सम्मका ७ जना र ३६ देखि ४० वर्ष सम्म्का २ जना रहेका छन् । शुरुमा १८ देखि ३० वर्ष उमेर सम्म पत्रकार महिलाहरुको संख्या बढ्नु र त्यसपछि क्रमशः घट्दै जानुले पत्रकारिता पेशामा आफ्नो पेशा प्रति ढुक्क हुन नसकेको र पत्रकारिता पेशालाई छोडेर अन्य पेशा अंगाल्नु पर्ने वाध्यता देखिन्छ । शुरुमा समाजको लागि केही गर्छु भनेर यही पेशा अंगाल्ने महिलाहरुले पनि पत्रकारिता पेशामा पारिश्रमिक सोंचे जति नहुनु र उमेर बढ्दै जाँदा जिम्मेवारी पनि बढ्दै जाने र आर्थिक भार पनि बढ्दै जाने हुँदा पेशाबाट पलायन हुदै गएको र अन्य पेशामा लाग्नुपर्ने वाध्यता अध्ययनको क्रममा देखिएको छ ।

**चित्र नं. २ : उमेर अनुसार पत्रकार महिलाहरु**





स्रोत : स्थलगत सर्भेक्षण, २०७३

### ५.१.३ शिक्षा

पत्रकारिता क्षेत्रमा सम्प्रेषण गरिने सामग्रीको गुणस्तरमा पत्रकारहरुको शैक्षिक योग्यताले धेरैप्रभाव पारेको हुन्छ । जुन विषयमा समाचार सामग्री सम्प्रेषण गर्नुपर्ने हो, त्यस विषयलाई राम्ररी बुझ्नसक्ने र बुझेको कुरालाई सरल ढंगले प्रस्तुत गर्नसक्ने क्षमता संचारकर्मीमा हुनैपर्छ । यस सन्दर्भमा पत्रकारहरुको शैक्षिक योग्यताले पक्कै पनि उसको सुझबुझ र कार्यशैलीमा महत्वपूर्ण भूमिका निर्वाह हुने गर्दछ । रोल्पा जिल्लामा पत्रकारिता क्षेत्रमा संलग्न पत्रकार महिलाको शैक्षिक योग्यताको विश्लेषण गर्दा पत्रकार महासंघको विधान २०६० चौथो संशोधन २०७३ ले अन्यको हकमा पत्रकारिता वा अन्य कुनै विषयमा स्नातक उतीर्ण गरी एक वर्ष देखि पत्रकारिता पेशामा संलग्न व्यक्ति, अथवा पत्रकारिता वा अन्य कुनै विषयमा उच्च माध्यामिक तह वा सो सरह उतीर्ण गरी दुई वर्ष देखि पत्रकारिता पेशामा लागेको तर महिलाको हकमा उच्च माध्यामिक तह उतीर्ण गरी एक वर्ष देखि पत्रकारिता क्षेत्रमा क्रियाशील भए पुग्ने भनी योग्यता निर्धारण गरे अनुसार त सन्तोषजनक नै देखिन्छ । यद्यपी पत्रकारिता पेशाको गुणात्मकतालाई हेर्ने हो भने त सन्तोष मान्ने अवस्था देखिदैन । यस नमुना सर्वेक्षणमा समेटिएका पत्रकार महिलाहरु ३४ जना मध्ये प्लस टु भन्दा माथिको योग्यता भएका महिला पत्रकारहरु करिव ५० प्रतिशत देखिन्छ । जस मध्ये एस.एल.सी १२ प्रतिशत, प्लस टु २९ प्रतिशत, स्नातक १८ प्रतिशत, स्नातक भन्दा माथि ३ प्रतिशत र ३८ प्रतिशतको योग्यता खुलेको छैन । नेपाल सरकारले निजामति सेवामा

अधिकृत स्तरमा प्रवेशका लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण रहेको छ । पत्रकारिता क्षेत्रमा पनि आदर्श शैक्षिक योग्यता भनेको स्नातक हुनु नै हो । कुनै एक विषयमा स्नातक भएको व्यक्तिले समाचार र लेख रचनाका लागि परिआएको जुनसुकै विषयलाई सारमा बुझेर सरल रुपमा व्यक्त गर्न सक्छ भन्ने मान्यतालाई अन्तराष्ट्रियस्तरमा नै स्वीकार गरिएको छ । नेपालमा पनि स्नातक भएको व्यक्तिले पत्रकारितामा निर्णायक पदमा  रहेर काम गर्न पाउने व्यवस्था भएको दर्ता प्रक्रियाले प्रष्ट पार्दछ । वि.स २०६८ को जनगणना अनुसार नेपालमा स्नातक गर्नेहरुको संख्या जम्मा २.८ र पोष्ट ग्र्याजुयट गर्ने जम्मा १ प्रतिशत मात्र रहेको छ । रोल्पा जिल्लामा महिलाको जम्मा साक्षरता ५८.६३ प्रतिशत रहेको र स्नातक गर्ने महिलाहरुको संख्या जम्मा १३७ र पोष्ट ग्र्याजुयट गर्ने महिलाहरु जम्मा १९ जना छन् यसरी पनि यस पेशामा स्नातक गर्ने महिलाको संख्या कमी भएको देखिन्छ भने अर्कोतिर स्नातक भन्दा माथि योग्यता भएका महिलाहरु पत्रकारिता भन्दा अन्य पेशामा लाग्ने गरेकाले पनि पत्रकारिता पेशामा स्नातक भन्दा माथिका महिलाहरु कम देखिएको छ । जसलाई तलको चित्र नं ३ मा देख्न सकिन्छ ।

**चित्र नं ३ : पत्रकार महिलाहरुको शैक्षिक स्थिति**




स्रोत : स्थलगत सर्भेक्षण, २०७३

### ५.१.४ वैवाहिक स्थिति

खास गरी महिलाहरुलाई हरेक क्षेत्रमा विवाह पछि सुस्ताउने, गरिरहेको कार्य छाड्ने गरेको आरोप लाग्ने गरेको छ । विवाह पछि पारिवारिक दायित्व बढ्ने र सन्तानोत्पादनको भूमिका निर्वाह गर्नुपर्ने भएकाले पत्रकारिता क्षेत्रमा त झन रात विरात भन्न नपाइने पत्रकारहरुको पलायन हुने अवश्यम्भावी हुने गरेको बताइन्छ ।

रोल्पा जिल्लाको पत्रकार महिलाहरुको तथ्यांकलाई हेर्ने हो भने ४४ प्रतिशत विवाहित, ४१ प्रतिशत अविवाहित, ९ प्रतिशत एकल र ६ प्रतिशत नखुलेको देखिन्छ । यो तथ्यांकको विश्लेषणबाट विवाहपछि महिलाले सञ्चार क्षेत्रबाटै पलायन हुने कुरामा आंशिक मात्र सत्यता रहेको देखाउँछ । साथै विगतको तुलनामा वर्तमानमा विवाहित महिलाले पतिको र पतिको परिवारबाट पत्रकारिता क्षेत्रमा लाग्नलाई सहयोग र स्वीकृती पाउन थालेको देखिन्छ । यस अध्ययनमा धेरै जसो विवाहित महिलाहरुका पतिहरु कुनै नोकरी, व्यापार या वैदेशिक रोजगारमा संलग्न देखिएका छन् । पतिहरुले आर्थिक आर्जन गर्ने भएकाले उनीहरु ढुक्कसँग यस पेशामा लाग्न सकेको देखिन्छ । जसले गर्दा विवाहितहरु यस पेशामा वढी संलग्न रहेको तलको चित्रबाट प्रष्ट हुन सकिन्छ ।

**चित्र नं. ४ : पत्रकार महिलाहरुको वैवाहिक स्थिति**

स्रोत : स्थलगत सर्भेक्षण,२०७३

### ५.१.५ पारिवारिक संरचना

समयको वदलिदो परिवेशसँगै पहिलेको संयुक्त परिवार क्रमशः एकल तिर उन्मुख भईरहेको छ । मानिसहरु संयुक्त परिवार भन्दा एकल परिवारमा रमाउन थालेका छन् । यद्यपी रोल्पा जिल्लाका पत्रकार महिलाहरुको अध्ययनको तथ्यांक अनुसार एकल परिवार १० जना, संयुक्त परिवारमा १९ जना र नखुलाएको ५ जना रहेकाछन् । प्रतिशतमा हेर्दा २९ प्रतिशत एकल, ५६ प्रतिशत संयुक्त परिवारमा बसेको देखिन्छ । मानिसहरु एकल परिवारमा बस्न रुचाए पनि संयुक्त परिवारमा बसेका महिलाहरुले घरायसी काममा परिवारको सहयोग पाउने भएकाले गर्दा यो पेशामा वढी संलग्न भएका देखिन्छन् र अर्कोतिर प्रायः विवाहित महिलाहरु

विभिन्न रोजगारीका शिलशिलामा आफू, पति र छोरा छोरी सहित सदरमुकाममा बस्ने र अन्य परिवार गाउँमा बस्ने र अन्य परिवारसँग सम्पत्ति साथमै भएकाले संयुक्त परिवार देखाउने गरेकाले पनि संयुक्त परिवार भएकाहरु बढी देख्न सकिन्छ जसलाई तलको चित्रबाट प्रष्ट हुन सकिन्छ ।

**चित्र नं. ५ : पत्रकार महिलाहरुको पारिवारिक संरचना**

स्रोत : स्थलगत सर्भेक्षण

## ५.२ आर्थिक वस्तुस्थिति

रोल्पा जिल्लाका पत्रकार महिलाहरुको आर्थिक वस्तुस्थितिलाई हेर्दा उनीहरुको पारिवारिक पेशा, उनीहरुको पत्रकारिता पेशा सँगै अन्य पेशा, परिवारमा सम्पत्तिको स्वामित्व, परिवारको आम्दानीको स्रोत र उनीहरुले गर्ने खर्चलाई यस अध्ययन मार्फत हेरिएको छ ।

### ५.२.१ पारिवारिक पेशा र आम्दानीको स्रोत

नेपाल कृषि प्रधान देश भनेर चिनिन्छ र चौधौं योजनाले पनि कृषि क्षेत्रमा करिव ६३ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा संलग्न रहेको देखाएको छ । रोल्पा जिल्लामा पत्रकार महिलाहरुको परिवारको आम्दानीको स्रोतलाई हेर्ने हो भने पनि ७१ प्रतिशत परिवारले कृषि पेशा अपनाएको देखिन्छ । भने १० प्रतिशत परिवारले मात्र नोकरी गरेको देखिन्छ । १० प्रतिशत परिवारले वैदेशिक रोजगारलाई आम्दानीको स्रोत मानेका छन् भने जम्मा ९ प्रतिशत परिवारले मात्र व्यापारलाई आम्दानी आम्दानीको स्रोत मानेका छन् । रोल्पा जिल्लाको समग्र सामाजिक सांस्कृतिक अवस्थालाई हेर्दा परम्परागत कृषि प्रचलनलाई नै बढी महत्व दिएको र यसलाई छोडेर अन्य पेशामा तुरुन्तै लाग्न सकेको देखिदैन । विस्तारै पछिल्लो पुस्ताले क्रमशः अन्य पेशालाई अपनाउँदै आएको देखिएता पनि कृषिलाई नै

आम्दानीको स्रोत मान्नेहरुको जनसंख्या बढी छ । जसको तस्वीर पत्रकार महिलाहरुको अध्ययनबाट पनि देखिएको तलको चित्रबाट प्रष्ट हुन आउँछ ।

**चित्र नं. ६ : पत्रकार महिलाहरुको परिवारको आम्दानीको स्रोत**

स्रोत : स्थलगत सर्भेक्षण,२०७३

### ५.२.२ पत्रकारिता र अन्य पेशा

अझैं पनि पत्रकारितालाई मात्र पेशाको रुपमा लिनेहरुको संख्या रोल्पा जिल्लामा कमी छ । महिलाहरुमात्र नभै पुरुषहरु पनि अन्य पेशालाई अंगालेर पत्रकारितालाई side job को रुपमा लिने गरेको देखिन्छ । महिलाहरुले पनि पत्रकारितालाई मात्र पेशाको रुपमा लिन अझैं पनि नसकेको देखिन्छ । अध्ययनको तथ्यांकले पनि पत्रकारिता मात्रै गर्ने महिलाहरु जम्मा ११ जना, पत्रकारितासँगै कृषि गर्ने १, व्यापार १, एन.जि.ओमा ५, अध्ययन ७, शिक्षण ३ छन् भने ६ जनाले खुलाउन चाहेका छैनन् । यस तथ्यांकले पनि के देखाउँछ भने पत्रकारिता पेशालाई नै पूर्णरुपमा स्वीकार्न सक्ने वातावरण वनिनसकेको र जीविकोपार्जनको लागि अन्य कुनै न कुनै पेशामा झुण्डिनु पर्ने वाध्यता पत्रकारहरुलाई छ । करिव ३२ प्रतिशत महिलाले मात्र पत्रकारितालाई मात्र आफ्नो एकल पेशाको रुपमा लिएका छन् । यस अध्ययनमा हेर्दा पत्रकारिता पेशालाई मात्र एकल पेशाको रुपमा लिने महिलाहरु आर्थिक रुपले अन्य महिलाको तुलनामा सम्पन्न देखिन्छन् । उनीहरुको परिवारका सदस्यहरु नोकरी, व्यापार, वैदेशिक रोजगारी जस्ता तुरुन्तै आर्थिक उपार्जन गर्ने पेशामा लाग्ने गरेको देखिन्छ । पत्रकारिता सँगसँगै अन्य पेशालाई अँगाल्ने महिलाहरु गाउँबाट सदरमुकाममा पढ्न या अन्य केही रोजगारीका अवसरका लागि आएकाहरु छन् । पत्रकारिता पेशामा न्यूनतम पारिश्रमिकको पनि व्यवस्था हुन नसकेपछि उनीहरुले अन्य पेशा अपनाउनु परेको देखिन्छ जसलाई तलको चित्र स्तम्भबाट देख्न सकिन्छ ।

**चित्र नं. ७ : पत्रकार महिलाहरुको अन्य पेशा**

स्रोत : स्थलगत सर्भेक्षण,२०७३

### ५.२.३ परिवारमा सम्पत्ति स्वामित्व

समाजमा आर्थिक शक्तिलाई पनि मानिसको लागि बलियो हतियारको रुपमा लिने गरिन्छ । २०६८ सालको जनगणनालाई आधार मान्ने हो भने सम्पत्तिको स्वामित्व रहेको महिलाको प्रतिशत जम्मा १९.७१ प्रतिशत मात्र रहेको छ । यसबाट पनि के देखिन्छ भने अझै पनि सम्पत्तिको स्वामित्व वा महिलाहरु आर्थिक रुपले सम्पन्न छैनन् । यस्तै आधार रोल्पा

जिल्लाका महिला पत्रकारहरुको परिवारमा रहेको सम्पत्तिको स्वामित्वको तथ्यांकले पनि देखाएको छ । रोल्पा जिल्लामा रहेका ३४ जना पत्रकार महिलाहरुको तथ्यांकलाई हेर्दा पति पत्नी दुवैको स्वामित्वमा रहेको १ जना मात्र देखियो । १२ जनाको बुबाको स्वामित्वमा रहेको, ८ जनाको ससुराको, २ जनाको सासुको, ४ जनाको श्रीमानको र ७ जनाले खुलाएका छैनन् । यो तथ्यांकले पत्रकार महिला मात्र हैन सम्पूर्ण महिला सम्पत्तिको स्वामित्वबाट बन्चित रहेका छन् भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ । यो तालिकाबाट महिला र पति सहित संयुक्त नाममा सम्पत्तिको स्वामित्व रहेको करिव ३ प्रतिशत मात्र हुन आउँछ । राज्यले महिलाको नाममा जग्गा दर्ता गरेमा राजस्वमा छुट दिने नीति ल्याए पनि केही हदमा महिलाको नाममा जग्गा दर्ता पर्ने परिपाटीको विकास भएको देखिएता पनि परम्परागत पितृसत्तात्मक सोंचको कारणले अझैं पूर्णरुपमा महिलाको नाममा जग्गा दर्ता गरिहाल्ने महिला प्रतिको विश्वासको वातावरण देखिदैन । घरमूली प्रायः पुरुष हुने नेपालको सामाजिक सांस्कृतिक प्रचलन र पैतृक सम्पत्ति घरमूलीकै नाममा रहने भएको कारणले पनि सम्पत्ति महिलाको स्वामित्वमा देखिएको छैन । केहीले आफै आर्जन गरे पनि पत्रकार महिलाहरु अझैंसम्म सम्पत्ति आर्जन गर्ने अवस्थामा नपुगेकाले सम्पत्तिको स्वामित्व उनीहरुकोमा देखिदैन । जसलाई तलको चित्रबाट देख्न सकिन्छ ।

**चित्र नं. ८ : परिवारमा सम्पत्तिको स्वामित्व**

स्रोत : स्थलगत सर्भेक्षण,२०७३

### ५.२.४ तलब/पारिश्रमिक

कुनै पनि व्यक्तिले नियमित रुपमा काम गरे वापत पाउने पैंसा नै तलब वा पारिश्रमिक हो । संस्थाले तलब वा पारिश्रमिक दिएको कारण व्यक्तिले संस्थालाई आफ्नो सीप, क्षमता, योग्यता, प्रतिवद्धता र समय प्रदान गर्दछ । माथिको तथ्यांकबाट के देखिन्छ भने १० हजार भन्दा कम तलव पाउने ९ जना, ११ हजार देखि १९,५०० सम्म तलव पाउने ५ जना र २० जनाले कति तलव पाउने खुलाएका छैनन् । यस अध्ययनको क्रममा पत्रकार महिलाहरुले बाहिर देखाउनलाई नियुक्तिमा यति रुपैंया भनेर तोके पनि नदिने गरेको खुलासा छलफलको क्रममा गरेका छन् । एक जना पत्रकारले भनिन् 'मैले स्नातक गरेको हुनाले मेरो प्रमाणपत्र लगेर सम्पादकको रुपमा मेरो नाम राखिएको छ, मलाई यति तलव दिने भनेर नियुक्ति पनि दिइएको छ । तर काम सवै उनी गर्छन् मलाई तलव पनि दिनु पर्दैन, म अन्य पेशा गर्छु ।' संचार संस्थाहरुमा तलव निर्धारण सम्वन्धि कार्यविधीहरु निर्माण भएता पनि कार्यान्यनमा ल्याएको देखिएको छैन । प्लस टु सम्म गरेका र जति दिए पनि काम गर्छु भन्ने महिलाहरुलाई १० हजार भन्दा कम पारिश्रमिक दिने गरेको देखिएको छ भने स्नातक भन्दा माथि योग्यता भएका र अलि टाठा बाठा महिलाहरुले त्यो भन्दा बढी पारिश्रमिक १९,५०० सम्म पाउने गरेको देखिएको छ । पारिश्रमिक दिंदा पनि प्रायः संचार व्यवस्थापकहरुले विभिन्न वहाना देखाई समयमा नदिने गरेको देखिएको छ ।

**चित्र नं. ९ : तलब/पारिश्रमिक**

स्रोत : स्थलगत सर्भेक्षण,२०७३

### ५.२.५ खर्च

रोल्पा जिल्लाका पत्रकार महिलाहरुले आफूले आर्जन गरेको रकमबाट आफ्नो शिक्षा, खाद्यान्न, कोठा भाडा, लत्ता कपडा अन्य विविध खर्च गर्ने गरेको वताएका छन् ।

### ५.२.६ वचत

आफ्नो स्रोतबाट माथि उल्लेखित क्षेत्रहरुमा खर्च हुने भएकोले वचत नभएको बताएका छन् ।

## ५.३ पत्रकारिता क्षेत्रमा सहभागिताको वस्तुस्थिति

रोल्पा जिल्लाका पत्रकारिता क्षेत्र, पत्रकारिता संचालन गर्ने मिडिया हाउस र पत्रकारहरु आवद्ध हुने पत्रकार महासंघ लगायतमा पत्रकार महिलाहरुको सहभागिता, निरन्तरता र निर्णायक तहमा उनीहरुको उपस्थितिलाई हेर्ने प्रयास गरिएको छ ।

### ५.३.१ पत्रकारितामा प्रवेश

नेपाली पत्रकारिता क्षेत्रमा महिला सहभागिताको थालनी साधना प्रधान र कामक्षादेवी र साथीहरुबाट २००८ सालमा नेपाल महिला संघको प्रकाशन 'महिला'बाट भएको हो । विगत पाँच दशकको अवधिमा थुप्रै महिला हस्ताक्षरले नेपाली सञ्चार क्षेत्रमा प्रत्यक्ष परोक्ष योगदान दिएका छन् ।

रोल्पा जिल्लाको समग्र पत्रकारिताको इतिहासलाई हेर्ने हो भने पनि एक दशक मात्र भएको छ । वि.स २०६१ साल पौष १४ गते आइतबा विभिन्न सञ्चार माध्यममा क्रियाशील १६ जना पत्रकाहरुको भेला सम्पन्न गरी कान्तिपुर दैनिकमा कार्यररत पत्रका काँशीराम डाँगीको सभापतित्वमा जिल्ला शाखा गठन भएको देखिन्छ । पहिलो भेला हुँदा सम्म काँशीराम डाँगीले मात्र पत्रकार महासंघको सदस्यता लिएको देखिन्छ । त्यतिबेला सम्म पत्रकार महिलाहरु कोही पनि क्रियाशील रहेको देखिदैन । वि.स २०६४ साल चैत्र २८ गते सम्पन्न पहिलो संविधान सभाको निर्वाचन भएको केही दिन पश्चात २०६५ साल वैसाख ९ गते

सम्पन्न पत्रकार महासंघ जिल्ला शाखा रोल्पाको दोस्रो जिल्ला अधिवेशनमा आईपुगे पछि मात्र पत्रकार महासंघ जिल्ला शाखा रोल्पाको तथ्यांक अनुसार महिला साधारणसदस्यको संख्या जम्मा ५ जना पुगेको देखिन्छ । यस शोधको लागि लिएको अर्न्तवार्ताको तथ्यांक अनुसार पनि २०६३ साल देखि २०६५ साल सम्म पत्रकारिता क्षेत्रमा प्रवेश गरेका महिलाहरुको संख्या ६ जना देखिन्छ । २०६६ देखि २०७० सम्म पत्रकारिता गर्ने पत्रकार महिलाहरु ६ जना र २०७१ देखि २०७३ सम्म पत्रकारिता क्षेत्रमा प्रवेश गरेर पत्रकारिता गर्ने पत्रकार महिलाहरु १० जना छन् भने पत्रकार महासंघको सदस्यता लिएर पत्रकारिता पेशा लाई निरन्तरता दिन नसक्ने महिलाहरुको संख्या १३ जना रहेको छ । पत्रकार महासंघको महासंघमा आवद्ध पत्रकारहरुको विवरण अनुसार रोल्पा जिल्लाको पहिलो पत्रकार महिलाहरु दाना के.सी, मनिषा श्रेष्ठ, भिष्मा विश्वकर्मा, कविता उपाध्याय, बीरमा थापा रहेको देखिन्छ । रोल्पा जिल्लामा महिला पत्रकारिताको इतिहासलाई हेर्दा करिव एक दशक भन्दा बढी देखिदैन । जुन तलको चित्रबाट पनि प्रष्ट हुन सकिन्छ ।

**चित्र नं. १० : पत्रकारिता क्षेत्रमा प्रवेश**

स्रोत : स्थलगत सर्भेक्षण

### ५.३.२ संचार क्षेत्र छान्नुको कारण

निर्विवाद रुपमा विश्वमा महिला सञ्चाकर्मीहरुको संख्या बढ्दो छ तर यसको अर्थ यो क्षेत्र सहज  सरल छ भन्ने पक्कै होइन । विभिन्न अप्ठ्यारा र समस्याहरु पनि साथमा लागेका हुन्छन् । विभिन्न कठिनाइहरु रहँदारहँदै पनि महिलाहरुले किन सञ्चार क्षेत्रलाई कार्य क्षेत्र बनाए ? किन उनीहले यो क्षेत्रलाई रोजे ? बहुसँख्यक सञ्चारकर्मी महिलाहले किन सञ्चार क्षेत्रलाई रोजे भने व्यक्तित्व बनाउन, मान प्रतिष्ठाका लागि, जीवनशैली बनाउन र लैंगिक हिंसाका घटनाहरुलाई बाहिर ल्याउन, सामाजिक सेवा गर्नका लागि यो क्षेत्र रोजेको बताए । यस अध्ययनको क्रममा बुझ्दा गल्यामर चाहने, बाहिरी सामाजिक परिवेशमा घुलमिल हुन चाहने, समाजमा आफ्नो छुट्टै पहिचान बनाउन चाहने र समाजमा केही गर्नुपर्छ भन्ने अडान भएका महिलाहरु बढी यो पेशामा लागेको देखिएको छ ।

### ५.३.३ कुन माध्यममा बढी

माध्यमका दृष्टिले सञ्चार क्षेत्रलाई छापा माध्यम र विद्युतीय सञ्चार माध्यममा विभाजन गर्न सकिन्छ । रोल्पा जिल्ला भित्रै प्रकाशित हुने पत्रिकाको थालनी वि.सं २०६३ कात्तिक २३ गते रोल्पा आवाज पाक्षिकबाट भएको हो । त्यस पछि क्रमशः वि.सं २०६३ कात्तिक २७ गते रोल्पा समाचार साप्ताहिक, वि.सं २०६८ सालमा जलजला पोष्ट साप्ताहिक, २०६८ सालमा जुनकीरी सञ्चार साप्ताहिक, २०६९ सालमा रोल्पा टाइम्स दैनिक, २०६९ सालमा सनस्टार साप्ताहिक, २०७० सालमा रोल्पा खवर साप्ताहिक, २०७१ सालमा जन्मभूमी साप्ताहिक, सुनछहरी साप्ताहिक, जनआकांक्षा साप्ताहिक र २०७२ सालमा जनअपेक्षा साप्ताहिक पत्रिका प्रकाशन हुदै आएका छन् । यी मध्ये रोल्पा आवाज पाक्षिक, जलजला पोष्ट साप्ताहिक र रोल्पा टाइम्स दैनिक बन्द भैसकेका छन् । त्यसैगरी रेडियो प्रशारणको थालनी रोल्पा जिल्लामा वि.सं २०६५ साउन ९ गतेदेखि सामुदायिक रेडियो रोल्पा र सामुदायिक रेडियो सुनछहरीबाट भएको थियो भने वि.सं २०६५ फागुन २ गतेदेखि सामुदायिक रेडियो जलजला र २०७३ सालमा सामुदायिक रेडियो मालश्री संचालनमा रहेका छन् ।

क्रियाशील पत्रकारमहिलाहरु मध्ये रेडियोमा काम गर्ने पत्रकार महिलाहरु ३८ प्रतिशत र छापामा काम गर्ने पत्रकार महिलाहरु ४३ प्रतिशत र रेडियो र छापा दुवैमा काम गर्ने पत्रकार महिलाहरु १९ प्रतिशत रहेको उल्लेख गरेका छन् ।

यस अध्ययनबाट पत्रकार महिलाहरु मध्ये छापा माध्यममा संलग्न महिलाहरुको संख्या बढी छ । यसो हुनुमा छापा प्रकाशन गर्ने संस्था बढी हुनु देखिएको छ । कतिपय महिलाहरु दोहोरो माध्यममा काम गरिरहेकाछन् । यसरी काम गर्नुमा उनीहरुको क्रियाशीलतालाई लिईएको छ । संचार व्यवस्थापकहरुले क्रियाशील महिलाहरुलाई सबैतिर आकर्षण गर्ने गरेको देखिन्छ ।

**चित्र नं. ११ : पत्रकारिता माध्यम**

स्रोत : स्थलगत सर्भेक्षण,२०७३

### ५.३.४ तालिमको स्थिति

तालिमले मानिसलाई अनुशासित हुन, नियम कानूनको पालना गर्न र तोकिएको लक्ष्य प्राप्तीमा लाग्न सहयोग गर्दछ । तोकिएको काम गर्न आवश्यक ज्ञान प्राप्त गर्न आफूमा विद्यमान सीप वृद्धि गर्न र नयाँ सीप ग्रहण गर्न तालिमले सहयोग गर्दछ । कुनै पनि तालिमको मूख्य उद्देश्य भनेको नै प्रशिक्षार्थीमा ज्ञान बढाउने, उसलाई सीप सिकाउने र आवश्यक भए उसको धारणामा परिवर्तन गर्ने हो ।


विगत केही वर्षयता, खासगरी १० जोड दुई शिक्षा प्रणाली अर्न्तगत, विभिन्न कलेजहरुले पत्रकारिता विषयलाई आमसञ्चार नाम दिएर अध्ययन अध्यापनमा समावेश गरेका छन् तर विद्यालय कलेजमा आर्जन गरेको ज्ञान पत्रकाति जस्तो गहन र अत्यन्त महत्वपूर्ण क्षेत्रमा पर्याप्त नहुन सक्छ । यसले पनि तालिमको आवश्यकतालाई औंल्याउँछ ।

### ५.३.४.१ पत्रकारिता तालिम

पत्रकारिता क्षेत्रलाई नै कर्मथलो बनाएर यस क्षेत्रमा होमिएका पत्रकार महिलाहरुका लागि तालिमले निकै महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । पत्रकार महिलाहरु विभिन्न शैक्षिक पृष्ठभूमीबाट आएका हुन्छन् । उनीहरुका लागि पत्रकारिताको सैद्धान्तिक  व्यवहारिक ज्ञान अपरिहार्य हुन आउँछ । लेख्न जानेर मात्र पुग्दैन, पत्रकारिताले खोज्ने यथार्थ, सन्तुलित र

विश्वसनीय लेखनमा पारंगत हुन पनि पत्रकार महिलाहरु सक्षम हुनुपर्दछ । पत्रकारिता माध्यममा लाग्दा अपनाउनुपर्ने विश्वव्यापी आचारसंहिताको पालना, सञ्चार माध्यमसँग प्रत्यक्ष सम्वन्ध राख्ने ऐन नियमहरुको जानकारी, गोपनियता र मानवीय मर्यादाको सम्मान, सार्वजनिक हितप्रतिको उच्च प्राथमिकता, सूचना तथा सञ्चार प्रविधिहरुमा भइरहेको विकासप्रतिको जानकारी जस्ता महत्वपूर्ण पक्षहरुमा सञ्चारकर्मीहरु जानकार हुनैपर्छ । अनि मात्र प्रतिस्पर्धामा टिक्नसक्ने हुन्छ । वास्तवमा तालिमले व्यक्तिमा रहेको सीप, क्षमतालाई तिखार्ने काम गर्दछ । बहुसँख्यक पत्रकार महिलाहरुले कुनै न कुनै तालिम हासिल गरेका छन् । अनुसन्धान क्रममा सहभागी पत्रकार महिलाहरु मध्ये २२ जनाले तालिम लिएको उल्लेख गरेका छन् भने १२ जनाले केही उल्लेख गरेका छैनन् । यसरी तालिम लिएका पत्रकार महिलाहरु मध्ये १३ जनाले स्थानीय स्तरको, ६ जनाले क्षेत्रीय स्तरको, ३ जनाले राष्ट्रिय स्तरको तालिम लिएका छन् । स्थानीय स्तरको तालिम सहज हुने भएकोले धैरैले लिने र क्षेत्रीय र राष्ट्रिय स्तरको तालिममा महिला आफैले समय मिलाउन नसक्ने र कतिपय अवस्थामा महिलालाई अवसर नदिने, क्षेत्रीय र राष्ट्रिय स्तरको तालिम आफ्नै क्षेत्रमा आयोजना नहुने, बाहिर जानुपर्ने भएकोले बढी खर्चिलो हुने कारणले क्रमशः घटेको देखिन्छ । जुन तलको चित्रबाट स्पष्ट हुन सकिन्छ ।

**चित्र नं १२ : पत्रकार महिलाहरुको पत्रकारिता तालिमको स्थिति**




स्रोत : स्थलगत सर्भेक्षण, २०७३

### ५.३.४.२ लैंगिक विषयमा तालिम

लैंगिक विषय जुन विषयले अहिलेको अवस्थामा बहुसरोकार राख्दछ, त्यस्तो विषयमा तालिम प्राप्त हुनु र नहुनुले पत्रकार महिलाहरुको काममा पनि निकै प्रभाव पार्दछ । त्यसैले प्रस्तुत अध्ययनमा पत्रकार महिलाहरु र लैंगिक विषयमा लालिमको पक्षलाई पनि समेटिएको छ । पत्रकार महिलाहरु मध्ये १३ जनाले मात्र लैंगिक विषयमा तालिम लिएको बताएका छन् भने २१ जना महिलाहरुले लैंगिक विषयमा तालिम नलिएको बताएका छन् । करिव ३८ प्रतिशतले मात्र यस विषयमा तालिम लिएको देखिन्छ । कतिपय पत्रकार महिलाहरुलाई लैंगिक विषयको तालिम आवश्यक पर्छ या पर्दैन भन्ने कुरा छुट्टयाउन नसक्नु, यो तालिम आवश्यक छ भन्नेहरुका लागि भनेको वखत अवसर नपाउनु जस्ता कारणले यो तालिम लिएका महिलाहरुको संख्यामा कमी देखिएको अध्ययनको क्रममा पाइएको छ । जसलाई तलको चित्रबाट देख्न सकिन्छ ।

**चित्र नं. १३ : लैंगिक तालिमको अवस्था**

स्रोत : स्थलगत सर्भेक्षण,२०७३

### ५.३.५ सेवा प्रवेश/नियुक्ति प्रक्रिया

सञ्चार क्षेत्र बहुसंख्यकको लागि आकर्षणको थलोको रुपमा रहेको छ । छापामा आफ्नो नाम छापिने, श्रव्य माध्यममा स्वर सुनिने, विभिन्न औपचाकि समारोहहरुमा भाग लिन पाइने, सामान्य अवस्थामा अरुलाई प्रवेश नभएको ठाउँमा समेत पत्रकार भने पछि प्रवेश पाइने यी र अन्य कारणले पनि आकर्षणको थलो भएको सञ्चार क्षेत्रमा पत्रकार महिलाको पेशागत स्थिति के छ त ? महिलाहरु सञ्चार क्षेत्रमा कसरी प्रवेश गरे ? सञ्चार क्षेत्रमा प्रवेश गरेका महिलाहरुमध्ये कतिले औपचारिक नियुक्तिपत्र पाएका छन् र कतिले नियुक्तिपत्र पाएका छैनन् ? लगायतका विषयमा अध्ययन र विश्लेषण गएिको छ । संचार व्यवस्थापकहरुले संचारकर्मीहरुको सेवा प्रवेश गराउँदा सबै प्रकृया पुरा गरेर संस्थाको नीति नियम अनुसार गर्ने भने पनि अध्ययनमा समावेश भएका पत्रकार महिलाहरु केहीले चिनेको मान्छेको सहयोगले र  केहीले आफै कुरा गरेर सेवा प्रवेश गरेको जनाएका छन् ।

सेवा प्रवेशपछि सेवामा कार्यरत व्यक्तिले खोज्ने पहिलो कुरा नै नियुक्ति हो । नियुक्ति पत्र पत्रकारका लागि एकप्रकारको कामको प्रत्याभूति पनि हो । अध्ययनबाट प्राप्त जानकारी अनुसार कुल सहभागीहरुमध्ये ३८ प्रतिशतले मात्र नियुक्ति पत्र पाएका छन् ।  नियुक्ति पत्रका सन्दर्भमा सञ्चारकर्मी महिलाहरुको स्थितिलाई सन्तोषजनक तथा सकारात्मक मान्न सकिने स्थिति देखापर्दैन । कतिपय सञ्चार माध्यममा मौखिक सहमतिमा पनि काम गर्ने गराउने चलन देखिन्छ । २९ प्रतिशतले मौखिक शर्तमा काम गरेको बताएका छन् । केही पत्रकार महिलाहरु आफ्नो नियुक्तिको वारेमा अनभिज्ञ रहेको पाइयो । ३३ प्रतिशत पत्रकार महिलाहरुले नियुक्ति पत्र या मौखिक शर्त केही खुलाएका छैनन् । नयाँ नयाँ भर्खर एस.एल.सी, प्लस टु गरेका केही सिक्ने चासो राख्ने र सबै प्रक्रियाको जानकारी पनि नभएका महिलाहहरुले मौखिक शर्तमा र स्वयंसेवी रुपमा काम गरेको देखिन्छ । जो अलि बढी अनुभवी छ र जुन संस्थामा कागजपत्रहरु चुस्त दुरुस्त देखाउनु पर्छ भन्ने छ त्यस्तोमा प्रक्रिया मिलाउनको लागि पनि नियुक्ति पत्र दिने गरिएको देखिएको छ ।

**चित्र नं. १४ : नियुक्ति प्रक्रिया**

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

### ५.३.६ पदीय/कामको जिम्मेवारी

सञ्चार क्षेत्रमा सञ्चारकर्मी महिलाले निर्वाह गर्नसक्ने भूमिका विविध छन् । यस अध्ययनको क्रममा जम्मा ३४ जना पत्रकार महिलाहरुलाई प्रश्नावली भराए पनि पत्रकार महासंघको सदस्यता लिएका २३ जना मध्ये १० जना मात्र आफूहरु नियमित पत्रकारिता गरेको देखाएका छन् । अन्य १३ जना पत्रकार महिलाहरु पत्रकार महासंघको र विभिन्न दलका भातृसंगठन अन्तर्गतका पत्रकारहरुको अधिवेशनमा भोट हाल्नको लागि मात्र आवद्धता भएको छलफलको क्रममा देखिएको छ । एक जना सदस्यता लिएकी महिलाले भनिन् 'खै मलाई त थाहा पनि छैन वार्षिक सदस्यता नवीकरण गर्नु पर्छ त भन्छन् । मैले आज सम्म नवीकरण पनि गरेकी छैन त्यही चुनावको वेला भोट हाल्न बोलाउँछन् र जान्छु । '

पत्रकार महासंघमा आवद्ध १० र अन्य स्वतन्त्र पत्रकारहरु ११ गरी जम्मा २१ जना मध्ये यहाँ कामको प्रकृति अनुसार निर्णायक कि सहायक विषयगत कार्यक्षेत्र, कामको बाँडफाँड र जिम्मेवारी जस्ता पक्षमा अध्ययन गरिएको छ । अध्ययनको तथ्यांकलाई हेर्ने हो भने निर्णायक भन्दा सहायक वढी देखिएको छ । रोल्पा जिल्लामा क्रियाशील पत्रकार महिलाहरु मध्ये विज्ञापन व्यवस्थापक १, सम्पादक २, अतिथि सम्पादक १, प्रकाशक तथा कार्यकारी सम्पादक १, सह सम्पादक १, फिचर राइटि[a] १, समाचार वाचक ५, कार्यक्रम संचालक २, समाचारदाता ५ र प्राविधिक २ जना भएको वताएका छन् । अध्ययनको क्रममा महिलाहरु योग्य भए पनि अझैं विश्वास गरिहाल्ने वातावरण रोल्पा जिल्लामा पनि देखिएन । समावेशी चेत भएका संचार व्यवस्थापकहरुले पनि देखाउनको लागि सह, अतिथि जस्ता पदहरुमा महिलाहरुलाई देखाउने गरिएको छ ।

चित्रमा देखाईएको तथ्यांक अनुसार नेतृत्व तहमा महिला पत्रकारको संख्या करिव १० प्रतिशत मात्र देखिन्छ ।

**चित्र नं. १५ : उत्तरदाताको पदिय जिम्मेवारी**

स्रोत : स्थलगत सर्भेक्षण,२०७३

### ५.३.७ विषयगत कार्यक्षेत्र

पत्रकारहरुले कुनै पनि विषय र घटनाको समाचार संकलन वा सामग्री लेखन र सम्पादनका लागि तयार रहनुपर्ने हुन्छ । उनीहरु क्रमिकरुपमा अनुभवी भएपछि विस्तारै आपसमा विषयगत कार्यक्षेत्र विभाजन हुनथाल्दछ । कम जनशक्तिको आधारमा बढी काम लिनुपर्ने नेपाल जस्तो मुलुकमा सञ्चालित सञ्चार माध्यमहरुमा भने 'बिट'को चलन त्यत्ति विकसित हुन सकेको छैन । रोल्पा जिल्लामा त झनै बिटको चलन छैन भन्दा पनि हुन्छ । उत्तरदाताले दिएको उत्तरबाट पनि पत्रकारहरु विषयगत कार्यक्षेत्रमा निश्चितता छैन भन्ने कुरा अनुमान लगाउन सकिन्छ । तथ्यांक हेर्दा राजनीतिक क्षेत्रमा ५ प्रतिशत, आर्थिक क्षेत्रमा ५ प्रतिशत, ३३ प्रतिशत लैंगिक क्षेत्रमा र निश्चित कार्यक्षेत्र नभएको ५७ प्रतिशत रहेका छन् । अलि बढी राजनीतितिर चासो राख्नेले राजनीतिक क्षेत्र, आर्थिकतिर चासो भएकाले आर्थिक क्षेत्र, महिला बालबालिका सवालहरुलाई चासो राख्नेले लैंगिक क्षेत्र भनेर खुलाए पनि समग्रमा अध्ययनको क्रममा खासै निश्चित क्षेत्र भएको देखिदैन । छलफलका क्रममा केही पत्रकार महिलाहरुलाई क्षेत्रको बारेमा नै आफू अनभिज्ञ भएको जहाँ जस्तो समाचारहरु पाईन्छ त्यसैलाई प्राथमिकता दिने गरेको बताएका छन् । तल चित्रमा यसरी तथ्यांक देखिए पनि अग्रज पत्रकार महिलाहरुले रोल्पा जिल्लामा यसरी क्षेत्र अनुसार पत्रकारिता गर्नु जटिल भएको बताएका छन् ।

**चित्र नं. १६ : उत्तरदाताको विषयगत कार्यक्षेत्र**

स्रोतः स्थलगत सर्भेक्षण,२०७३

### ५.३.८ पुरुष सहकर्मीको व्यवहार

पत्रकार महिलाहरुको सहभागिता बढाउन र घटाउनमा पुरुष सहकर्मीको व्यवहारले पनि ठूलो भूमिका राख्दछ । त्यसैले पुरुष सहकर्मीको व्यवहारलाई पनि अध्ययन गरिएको छ । बहुसंख्यक पत्रकार महिलाहरुले पुरुष सहकर्मीको व्यवहार राम्रो रहेको बताए । ५२ प्रतिशत पत्रकार महिलाहरुले पुरुष सहकर्मीको व्यवहार राम्रो, २९ प्रतिशतको सामान्य र १९ प्रतिशतले खुलाएका छैनन् । पछिल्लो पुस्ताका पुरुषहरुमा केही लैंगिक संवेदनशीलताको चेत

आएको देखिन्छ । यद्यपी उनीहरुमा परम्परागत सोंच र उनीहरुको सामाजिकीकरण पुर्णरुमा लैंगिक संवेदनशील भएको भने छैन । पछिल्लो अवस्थामा संचार गृहमा महिलाहरुको संख्या बढाउनु, पत्रकार महासंघको कार्यसमितिमा समेत २७ प्रतिशत महिला त्यसमध्ये एकजना सचिव पदमा हुनु पुरुषहरुको सहयोगको कारणले भएको देखिन्छ । त्यस कारणले पनि पुरुष सहकर्मीको व्यवहार राम्रो भन्नेहरुको संख्या बढी भएको देखिन्छ ।  जसलाई तलको चित्रबाट देख्न सकिन्छ ।

**चित्र नं. १७ : उत्तरदातासँग पुरुष सहकर्मीको व्यवहार**

स्रोत : स्थलगत सर्भेक्षण,२०७३

## ५.४ पत्रकार महिलाका समस्याहरु

हरेक क्षेत्रका सवालहरुलाई बाहिर ल्याउन र जनताहरुलाई सुसुचित गराउने महत्वपूर्ण माध्यमको रुपमा संचार क्षेत्रलाई लिइन्छ । लैंगिक समावेशीता, लैंगिक समानता जस्ता विषयहरु जुन अहिलेको परिप्रेक्ष्यमा सबै क्षेत्रसँग जोडिएको जल्दो बल्दो सवालको रुपमा रहेको विषय हो । तर सबै क्षेत्रको सवालहहरुलाई वाहिर ल्याउने संचार क्षेत्रमा पत्रकार लैंगिक समावेशीताको स्थिति के छ त ? भन्ने हो भने सिंगो नेपालमा नै संचार क्षेत्रमा महिला सहभागिताको स्थिति संख्यात्मक एवं पदीय दुवै दृष्टिले सोचनीय अवस्थामा रहेको देखिन्छ । यसो किन त ? महिलाहरुलाई यस क्षेत्रमा अगाडी आउन के ले वाधा पुऱ्याएको छ ? महिलाहरुको खास समस्याहरु के रहेछन् ? जस्ता विषयलाई केलाउन प्रयास गरिएको छ ।

पत्रकार महिलाले भोग्नु परिरहेको समस्याका बारेमा पत्रकार महिलाले भरेका प्रश्नावलीमा उल्लेख गरेका कुरा, छलफलमा उठाएका कुरा, महिला अधिकारकर्मीहरु, जानिफकारहरुसँगको अर्न्तवार्ताबाट प्राप्त जानकारीलाई आधार मानेर तलका शिर्षकहरुमा प्रस्तुत गरिएको छ ।

### ५.४.१ पारिवारिक र सामाजिक संरचनाको समस्या

परिवार व्यक्तिको व्यक्तित्व विकास गर्ने वातावरण निर्माण गर्ने पहिलो ठाउँ हो र त्यसपछि समाज अनि राज्य । नेपाली महिलाहरुलाई पितृसत्तात्मक सोंच भएको पारिवारिक र

सामाजिक संरचनाले गर्दा हरेक क्षेत्रमा वाधा पुगेको जो सुकैले सहजै अनुमान लगाउन सक्दछ र जान्दछ पनि ।

लैंगिक विभेदकारी पारिवारिक र सामाजिक संरचनाले पत्रकार महिलाहरुको उत्साहमा वाधक वनेको देखिन्छ । पत्रकारिता क्षेत्रमा लाग्नेहरुलाई निश्चित समयको ठेगान नहुने, जहाँ पनि पुग्नुपर्ने, पुरुषहरुसँग सँगसँगै हिड्नुपर्ने, को कोसँग भेट्नुपर्ने ठेगान नहुने जस्ता विशेषता पत्रकारिता क्षेत्रमा छ भने हाम्रो पारिवारिक र  सामाजिक दृष्टिकोण अति नै साँगुरो छ ।

पत्रकार महासंघ सचिव भन्नुहुन्छ :'पत्रकारिता पेशा आफैमा चुनौतीपूर्ण छ त्यसैले प्रायः परिवारले आफ्नो छोरी, बुहारी, श्रीमति र आमाले पत्रकारिता पेशा भन्दा अरु नै सजिलो र कम जोखिमयुक्त पेशा रोजुन् भन्ने अपेक्षा गरेका हुन्छन् ।'

पुरुष पत्रकारहरुलाई जस्तो महिलाहरुलाई सहज छैन । महिलाहरुको भित्री इच्छा शक्ति बलियो भएर यस क्षेत्रमा निरन्तरता दिए पनि महिलाको गतिशीलतालाई लिएर महिलाको चरित्रमा औंला उठाउने सामाजिक संरचना, जतिवेला मन लाग्यो उतिवेला हिड्न परिवारको वन्देज पत्रकार महिलाका लागि मुख्य समस्या हुन् । महिलालाई कमजोर ठान्नु र उसले गरेका हरेक क्रियाकलापहरुलाई विश्वास नगर्नु जस्ता पारिवारिक र सामाजिक दृष्टिकोणले महिलाले जीवनका पाइला पाइलामा ठोक्किनु पर्ने सम्भावना भइ नै रहन्छ ।

पत्रकार महिलाहरुले पत्रकारिता क्षेत्रमा परिवारले लाग्नुहुदैन नभने पनि पत्रकारिता पेशामा लाग्नमा त्यति सहयोग नगरेको वताए । रोल्पा जिल्लाको महिला अधिकारकर्मी श्रीकुमारी रोका 'पत्रकारिता पेशामा पत्रकार महिलाहरुको संख्या कमी हुनु, महिलाहरुले निरन्तरता दिन नसक्नु र महिलाहरु यो पेशामा ढुक्क हुन नसक्नु घर परिवारबाट साथ नपाउनु, सामाजिक संस्कारको कारण स्वतन्त्रतामा वन्देज गर्नु र आर्थिक रुपले सम्पन्न नहुनु र महिलाहरु निर्णायक तहमा नपुग्नु र त्यहाँ पुग्नलाई महिलाहरुलाई प्रोत्साहित नगर्नु हो'  भन्नु हुन्छ ।

### ५.४.२ पेशासँग सम्वन्धित समस्या

महिलालाई हेर्ने आमसमाजको दृष्टि र सञ्चार जगतको दृष्टिमा खासै अन्तर नभएको बुझियो । सञ्चार व्यवस्थाकहरुले एक दुईजना महिलाको नाम राखेर हामीले समावेशीलाई

ध्यान दिएका छौं भने पनि गहिराईमा अध्ययन गर्दा रोल्पा जिल्लाका पत्रकार महिलाहरुलाई उनीहरुको पेशासँग निम्न समस्याहरु देखिए ।

रोल्पा जिल्लाका संचार क्षेत्रले सधै आर्थिक समस्या देखाएर पत्रकारहरुलाई न्यूनतम पारिश्रमिक पनि दिन नसक्नाले पत्रकारहरुको पेशा संकटमा परेको देखिन्छ । संचार व्यवस्थापकहरुले यति तलव भनेर नियुक्ति कागजी प्रक्रिया पुऱ्याउने गरे पनि व्यवहारमा त्यस्तो नभएको पाइयो । जसले गर्दा पत्रकारहरु अन्य पेशामा संलग्न हुनुपर्ने वाध्यता छ ।

छलफलको क्रममा पत्रकार महिलाहरुले हरेक क्षेत्रमा जस्तै महिलाको क्षमतामा हत्तपत्त विश्वासै गरिन्न भनेर गुनासो गरेको पाइयो । पत्रकार महिलाहरुलाई कार्यालयमा मात्र हैन महिलाहरुलाई स्रोत संकलन गर्न जाँदा पनि पुरुष पत्रकारहरुलाई जस्तो पत्याएर व्यवहार गर्ने चलन छैन । कार्यक्रम आयोजकहरु देखि विभिन्न कार्यालयमा पुरुष पत्रकार पुगेमा मान सम्मानका साथ सूचना तथा जानकारीहरु दिने तर महिला पत्रकारहरुलाई सके सम्म आलटाल गर्ने, विश्वास नगर्नु, हेपाहा प्रवृत्ति देखाउनु, अध्ययन अनुसन्धान गरेर वास्तविक समस्यालाई वाहिर ल्याउँदा गाली गलौज, दुर्व्यवहार जस्ता व्यवहारले पत्रकार महिलाहरुलाई नैराश्यता पैदा गरेको बताए । एक पटक एक जना सरकारी कर्मचारीले ‘महेश जी (पत्रकार महासंघको अध्यक्ष) भोलि डुब्रिङ गा.वि.समा हुने खुला दिसामुक्त घोषणा कार्यक्रममा महासंघकी सचिवलाई बाहेक अरुलाई पठाउनुस् है । मैले उहाँलाई अस्ति राँक जाँदा पनि भनेको थिएँ महिला मान्छे यसरी टाढाको गाउँ हिड्न हुन्न । जानेलाई पनि गाह्रो, लैजानेलाई पनि गाह्रो ।’ भनेर भने यसरी महिलाहरुलाई सधैं कमजोर रुपमा हेरिन्छ भन्ने गुनासो गरे ।

अध्ययनको क्रममा रोल्पा जिल्लामा पत्रकार महिलाहरुको संख्यामा वृद्धि हुन नसक्नाका कारणमध्ये संचार क्षेत्रका निर्णायक तहमा महिलाहरु उल्लेख्य मात्रामा पुग्न नसक्नु पनि हो । रोल्पा जिल्लामा संचालनमा रहेका संचार माध्यमका व्यवस्थापकहरु २ वटा साप्ताहिक पत्रिका वाहेक पत्रिका, रेडियो सबैमा पुरुषहरु रहेका छन् । संचार क्षेत्रमा निर्णायक तहमा महिलाको उल्लेख्य उपस्थिति हुने हो भने संचारकर्मी महिलाको समस्याको केही हदसम्म भए पनि सुनुवाई हुनसक्छ किनकी महिलाको समस्या एउटा पुरुषले भन्दा स्वाभाविक रुपमा महिलाले बढी बुझ्न सक्छिन् भन्ने कुरामा उनीहरु विस्वस्त देखिन्थे ।

# अध्याय– छ

# सारांस, सुझाव र निष्कर्ष

## ६.१ सारांस

नेपालको संचार क्षेत्रमा वि.सं १९८० देखि नै महिलाहरु पत्रकारिता क्षेत्रमा संलग्न हुदै आएको पाइए पनि वि.स २००७ सालको प्रजातन्त्र, २०४६ सालको सफल जन आन्दोलन पश्चात संचार क्षेत्रमा उदारीकरण नीति लिई राष्ट्रिय संचार नीति २०४९, राष्ट्रिय प्रशारण ऐन २०४९, श्रमजीवि पत्रकार सम्वन्धि ऐन २०५१ जस्ता ऐन तथा नीतिहरु सार्वजनिक गरे पश्चात पत्रकारिता क्षेत्र धेरै फस्टाएको देखिन्छ । वि.स २०६२/६३ को दोश्रो जनआन्दोलन पश्चात संचार क्षेत्रमा लैंगिक संवेदनशीलता वृद्धि गर्ने, संचार माध्यममा महिलाको सकारात्मक छवि प्रस्तुत गर्ने र आम संचार माध्यमबाट सम्प्रेषण हुने विषयवस्तु क्रमशः महिला अधिकार तथा लैंगिक दृष्टिकोण तर्फ उन्मुख भएको देखिन्छ । रोल्पा जिल्लाको परिप्रेक्ष्यमा हेर्ने हो भने दोश्रो जन आन्दोलन पश्चात मात्र रोल्पा जिल्लामा संस्थागत रुपमा संचार क्षेत्रको विकास भएको र पत्रकार महिलाहरु पनि क्रमशः संलग्न हुदै आएको देखिन्छ । यस अनुसन्धानको प्रमुख उद्देश्य रोल्पा जिल्लाको पत्रकारिता क्षेत्रमा महिलाहरुको संख्यात्मक र गुणात्मक सहभागिताको अवस्था, पत्रकार महिलाहरुको सामाजिक, आर्थिक अवस्था, उनीहरुको समस्या र चुनौतीहरु, उनीहरुले समाजमा लैंगिक हिंसाका घटना उजागर गरे नगरेको र त्यसले कानुनी उपचार पाए नपाएको वारेमा जानकारी लिनु हो ।

अनुसन्धान कार्य रोल्पा जिल्लामा संस्थागत रुपमा संचालित संचार क्षेत्रमा काम गर्ने पत्रकार महिलाहरुमा केन्द्रित छ । अध्ययन लैंगिक दृष्टिकोणबाट गरिएको छ । रोल्पा जिल्लाका ८ वटा साप्ताहिक रुपमा प्रकाशित हुने साप्ताहिक पत्रिका र ४ वटा रेडियोमा स्वतन्त्र पत्रकारिता गर्ने महिलाहरु ११ जना र पत्रकार महासंघमा आवद्ध महिलाहरु २३ जना गरी जम्मा ३४ जना पत्रकार महिलाहरुलाई समग्रतामा अध्ययन गरिएको छ । प्राथमिक र द्धितिय तथ्यांकको स्रोतको रुपमा लिइएको यस अध्ययनमा अर्धसंरचित प्रश्नावली तयार पारी सर्भेक्षण गरिएको छ भने जानिफकारहरुसँग अर्न्तवार्ता र ५ जना पत्रकार महिलाहरुको घटना अध्ययन गरिएको छ ।

पत्रकार महासंघको जिल्ला शाखा रोल्पाको तथ्यांक अनुसार महासंघमा आवद्ध पत्रकारहरु जम्मा १०५ जना रहेका छन्, जसमध्ये महिला २३ जना र पुरुष ८२ जना छन् । प्रतिशतको हिसावले हेर्ने हो भने करिव २२ प्रतिशत मात्र हो । पत्रकार महासंघको कार्यसमितिको संरचनालाई हेर्ने हो भने १५ जना मध्ये ४ जना महिला सदस्य रहेका छन् जसको प्रतिशतमा २७ प्रतिशत हुन आउँछ । जातिय हिसावले हेर्ने हो भने ब्राम्हण २०, क्षेत्री ३१, जनजाति ४७ र दलित ७ जना  रहेका छन् । ११ स्वतन्त्र र २३ महासंघमा आवद्ध ३४ जना उत्तरदाताहरु मध्ये ब्राम्हण ३ जना, क्षेत्री ६ जना, जनजाति २३ जना र २ जना दलित समुदायका रहेका छन् ।  उमेर अनुसार पत्रकार महिलाहरुको संलग्नतालाई हेर्दा १८ देखि ३० वर्ष सम्म पत्रकार महिलाहरु बढेको देखिन्छ भने त्यस पछि क्रमशः घट्दै गएको छ । शैक्षिक अवस्थालाई हेर्दा नेपालमा पनि स्नातक भएको व्यक्तिले पत्रकारितामा निर्णायक पदमा रहेर काम गर्न पाउने व्यवस्था भएको दर्ता प्रक्रियाले प्रष्ट पारे पनि स्नातक तह योग्यता भएका १८ प्रतिशत र स्नातक भन्दा माथिका जम्मा ३ प्रतिशत मात्र रहेको छ । उनीहरुको वैवाहिक स्थितिलाई हेर्दा विवाहित महिलाहरुको वढी संलग्नता देखिएको छ । ४४ प्रतिशत विवाहित, ९ प्रतिशत विवाहित एकल छन् भन् भने ४१ प्रतिशत मात्र अविवाहित रहेका छन् । पत्रकार महिलाहरुको पारिवारिक संरचनालाई हेर्दा एकल भन्दा संयुक्त परिवारका महिलाहरु वढी छन् । पत्रकार महिलाहरु २९ प्रतिशत एकल परिवार, ५६ प्रतिशत संयुक्त परिवारबाट आएको पाइएको छ ।

पत्रकार महिलाहरुको परिवारको पेशा र आम्दानीको मुख्य स्रोत अधिकांशको कृषि रहेको छ, ७१ प्रतिशतले कृषि, १० प्रतिशतले नोकरी, १० प्रतिशतले वैदेशिक रोजगार र ९ प्रतिशतले आम्दानीको स्रोत व्यापार भएको पाइएको छ । पत्रकार महिलाहरु ३२ प्रतिशतले पत्रकारितालाई मात्र एकल पेशाको रुपमा लिएकाछन् । अन्यले पत्रकारिताको साथै अन्य पेशामा संलग्न रहेको बताएकाछन् । परिवारमा श्रीमानसँग संयुक्त रुपमा सम्पत्तिको स्वामित्व १ जनाको मात्र रहेकोुन छ जो करिव ३ प्रतिशत मात्र हुन आउँछ । अन्यले आफ्नो स्वामित्वमा कुनै पनि सम्पत्ति नभएको बताएकाछन् । पत्रकारिता गरे वापतको पारिश्रमिक ११ हजार भन्दा माथि पाउने १५ प्रतिशत मात्र रहेको तथ्यांकले देखाएको छ, भने १० हजार भन्दा कम पाउने २६ प्रतिशत छ भने ५९ प्रतिशतले कति पाउने खुलाएका छैनन् । पत्रकार महिलाहरुले आर्जन गरेको रकम कोठा भाडा, शिक्षा, खाद्यान्न, लत्ता कपडा अन्य विविध खर्च गरेको र वचत नहुने बताएकाछन् ।

अध्ययनको क्रममा पत्रकार महिलाहरुको पत्रकारिता शुरुवात २०६३ साल देखि भएको देखिन्छ । अध्ययन गरिएका पत्रकार महिलाहरु मध्ये २१ जनाले मात्र निरन्तरता दिएको १३ जनाले वीचमै छाडेको अवस्था रहेको छ । संचार क्षेत्रलाई मान प्रतिष्ठा, जीवनशैली राम्रो बनाउन, लैंगिक हिंसाका घटनालाई बाहिर ल्याउन, सामाजिक सेवा गर्न आफूले पत्रकारिता रोजेको बताएकाछन् । रोल्पा जिल्लामा छापा माध्यममा काम गर्ने वढी देखिएका छन् । छापामा ४३ प्रतिशत रेडियोमा ३८ प्रतिशत र दुवैमा काम गर्ने १९ प्रतिशत छन् । व्यक्तिलाई अनुशासित हुन, नियम कानुनको पालना गर्न तालिमको आवश्यकता पर्दछ । रोल्पा जिल्लाका पत्रकार महिलाहरुले १३ जनाले स्थानीय स्तरको, ६ जना क्षेत्रीय स्तरको, ३ जनाले राष्ट्रिय स्तरको र १२ जनाले उल्लेखै गरेका छैनन् । लैंगिक सवालहरुलाई उठाउन उक्त विषय सम्वन्धि जानकारी र त्यस सम्वन्धि नीति, नियमको वारेमा जानकारी लिन जरुरी हुन्छ, जानकारी लिने माध्यम तालिम पनि एक हो । लैंगिक विषयमा तालिम पनि जम्मा १३ जनाले मात्र लिएको देखिन्छ भने २१ जनाले तालिम लिएका छैनन् ।

पत्रकार महिलाहरु सेवा प्रवेश खुल्ला प्रतिस्पर्धा भन्दा पनि केहीले चिनेको मान्छेको सहयोगले र केहीले आफै कुरा गरेर सेवा प्रवेश गरेको बताएकाछन् । कामको प्रत्याभूति दिलाउने नियुक्ति पत्र ३८ प्रतिशतले मात्र पाएका छन् । २९ प्रतिशतले मौखिक शर्तमा काम गरिरहेकाछन् भने ३३ प्रतिशतले नियुक्ति पत्र या मौखिक शर्त केही खुलाएका छैनन् । पदिय जिम्मेवारीलाई अध्ययन गर्दा पत्रकार महिलाहरु निर्णायक भन्दा सहायक बढी देखिएका छन् । यस अध्ययन क्षेत्रका पत्रकार महिलाहरुले ५७ प्रतिशतले निश्चित विषयगत कार्यक्षेत्र नभएको बताएकाछन्, भने ३३ प्रतिशतले लैंगिक क्षेत्रमा, ५ प्रतिशतले राजनीति, ५ प्रतिशतले आर्थिक क्षेत्र रोजेको बताए पनि निश्चित एउटा कार्यक्षेत्र बनाएर लागेको भने देखिएन । बहुसंख्यक पत्रकार महिलाहरुले पुरुष सहकर्मीको व्यवहार राम्रो भएको बताएका छन् । महिलाहरुलाई यस क्षेत्रमा लाग्न र यो पेशालाई निरन्तरता दिन पेशामा ढुक्क हुन नसक्नु, परिवारबाट साथ नपाउनु, सामाजिक संस्कारको कारण स्वतन्त्रतामा बन्देज गर्नु, आर्थिक रुपले सम्पन्न नहुनु, लैंगिक विभेद, न्यूनतम पारिश्रमिक पनि नहुनु र शिक्षित प्रतिष्ठितहरुले पनि महिलाहरुलाई अपत्यारिलो व्यवहार गर्नु जस्ता समस्याहरु रहेकाछन्, भने महिलाहरुले पत्रकारिता क्षेत्रमा टिकिराख्न र गुणात्मकता दिन चुनौती रहेको छ । लैंगिक हिंसाका सवालहरुलाई उठाउने गरेको तर ती सवालहरुले खासै कानुनी उपचार नपाएको बताएका छन् ।

## ६.२ सुझाव

भनिन्छ समाजमा महिला पुरुष एक रथका दुई पांग्रा हुन् । जसरी रथ एक पांग्राले चल्न सक्दैन त्यसरी पत्रकारिता क्षेत्रमा पनि पुरुष पत्रकारले मात्र समाजमा भएका हरेक आवाजहरुलाई सहजरुपमा बाहिर ल्याउन सक्दैन । त्यसैले संचार क्षेत्रमा पत्रकार महिलाहरुको पनि सहभागिता बढाउन र उनीहरुको निरन्तरतालाई सुनिश्चित गर्न निम्न कार्यहरु गर्न जरुरी देखिन्छ ।

- संचारकर्मी नियुक्ति गर्दा महिलाहरुलाई विशेष ग्राह्यता दिनुपर्ने र उनीहरुको निरन्तरताको लागि प्रोत्साहन गर्नुपर्ने,
- शिक्षण प्रशिक्षणमा महिलारुलाई अतिरिक्त सहुलियत प्रदान गर्ने,
- प्रोत्साहन, पुरस्कार र ऋणको व्यवस्था, काम गरेर तालिम लिनेजस्ता व्यवस्थाबाट शिक्षण प्रशिक्षण संस्थाहरूले बढी महिलाहरूलाई सहभागी तुल्याउने नीति लिनु पर्ने,
- विश्लेषण क्षमता, सूचनामा पहुँच, लेखनसीप, आत्मविश्वास जस्ता मिडियामा काम गर्न आवश्यक सीप र क्षमता बढाउन पूर्व सेवाकालीन र विशेष प्रशिक्षणहरू सञ्चालन गर्नेतर्फ ध्यान पुऱ्याउनु पर्ने,
- पुरुष प्रधान समाजको प्रतिकूलता विरुद्ध संघर्ष गर्नसक्ने क्षमता विकसित गराउने ।
- सेवामा महिलाहरूलाई बढी अवसर प्रदान गर्न मिडियाहरूलाई प्रोत्साहित गर्ने ।
- महिलाहरूलाई काममा लगाउँदा काम गर्ने वातावरण, ईमान्दारी, संस्थाप्रतिको वफादारी संस्थाको प्रतिष्ठामा अभिवृद्धि लगायत हुने फाइदाका सम्बन्धमा मिडिया व्यवस्थापकहरूको ध्यान आकर्षित गर्नु पर्ने ।
- काम गर्ने ठाँउमा महिलाहरूका निम्ति सहज वातावरण निर्माण गर्ने तर्फ ध्यान पुऱ्याउने ।
- समान व्यवहार, समान चुनौती र अवसर, समान पारिश्रमिक प्रदान गरेर महिलाहरूको समस्याप्रति बढी संवेदनशील र जागरुक व्यवस्थापन पद्धतिको निर्माण गरी महिलाहरूलाई काम गर्ने ठाँउमा सहज वातावरण तयार गरिनुपर्ने,
- महिलाहरूको वृत्ति विकासमा सहयोगी नीति र कार्ययोजना लागू गर्ने ।

## ६.३ निष्कर्ष

समाजलाई सुसुचित गरी परिवर्तनको बाटोमा अग्रसर हुन उत्प्रेरित गर्नु र सामाजिक पक्षमा वकालत गर्नु संचारमाध्यमको दायित्व हो । त्यस्ता मुख्य दायित्व बोकेका संचार माध्यममा संलग्न पत्रकार महिलाहरुको अवस्था जान्ने हेतुले यो अध्ययन गरिएको हो । अध्ययन शुरु गर्दा पत्रकार महिलाहरुले काम गर्ने वातावरण, पारिवारिक तथा सामाजिक दृष्टिकोण र यसबारेमा सरकारले लिएका नीतिहरुको बारेमा बुझ्नु जरुरी थियो । संचार क्षेत्रमा महिला सहभागिता बढ्न नसक्नुको मुख्य कारण संचार क्षेत्रमा लैंगिकमैत्री वातावरणको अभाव नै हो । समाजका अन्य क्षेत्रमा जस्तै पितृसत्तात्मक मूल्य मान्यताहरु यस क्षेत्रमा पनि हावी भएको छ । जसका कारण यस क्षेत्रमा केही गर्छु भनेर आउने महिलाहरुले ती व्यवधानहरुसँग जुध्नु परिरहेको अवस्था छ । पत्रकार महिलाहरु प्रति समाजले पत्रकार महिलाहरुलाई सोधिएको प्रश्नावली, उनीहरुसँग गरिएको छलफल, जानिफकारहरुसँग लिएको अर्न्तवार्ताको निश्कर्ष पनि यही थियो ।

यस अध्ययनमा समेटिएका पत्रकार महिलाहरुमध्ये अधिकांशको जन्म ग्रामीण क्षेत्रमा र उनीहरु अध्ययनको सिलसिलामा सदरमुकाममा आएर पत्रकारितालाई पेशा बनाएको पाइएको छ ।

जातिय जनसंख्याको आधारमा रोल्पा जिल्लामा पत्रकार महिलाहरु सबै भन्दा बढी जनजाति ६७ प्रतिशत रहेको छ । त्यसैगरी ब्राह्मण ९ प्रतिशत, क्षेत्री १८ प्रतिशत, दलित ६ प्रतिशत रहेको छ । पेशालाई निरन्तरता नदिनेमा जनजाति ६१ प्रतिशत, ब्राम्हण ८ प्रतिशत, क्षेत्री २३ प्रतिशत र दलित ८ प्रतिशत रहेको छ । पत्रकार महिलाहरुले पत्रकारिता पेशामा निरन्तरता दिनलाई कठिनाई भएको यो तथ्यांकले देखाएको छ । शुरुमा १८ देखि ३० वर्ष उमेर सम्म पत्रकार महिलाहरुको संख्या बढ्नु र त्यसपछि क्रमशः घट्दै जानुले पत्रकारिता पेशामा आफ्नो पेशा प्रति ढुक्क हुन नसकेको र पत्रकारिता पेशालाई छोडेर अन्य पेशा अंगाल्नु पर्ने बाध्यता देखिन्छ ।

रोल्पा जिल्लामा पत्रकारिता क्षेत्रमा संलग्न पत्रकार महिलाको शैक्षिक योग्यताको विश्लेषण गर्दा नमुना सर्वेक्षणमा समेटिएका पत्रकार महिलाहरु ३४ जना मध्ये प्लस टु भन्दा माथिको योग्यता भएका महिला पत्रकारहरु करिव ५० प्रतिशत देखिन्छ । जस मध्ये एस.एल.सी १२

प्रतिशत, प्लस टु २९ प्रतिशत, स्नातक १८ प्रतिशत, स्नातक भन्दा माथि ३ प्रतिशत र ३८ प्रतिशतको योग्यता खुलेको छैन । पत्रकारिता पेशाको गुणात्मकतालाई हेर्ने हो भने यो योग्यतामा सन्तोष मान्ने अवस्था देखिदैन आदर्श शैक्षिक योग्यता भनेको स्नातक हुनु नै हो । कुनै एक विषयमा स्नातक भएको व्यक्तिले समाचार र लेख रचनाका लागि परिआएको जुनसुकै विषयलाई सारमा बुझेर सरल रुपमा व्यक्त गर्न सक्छ भन्ने मान्यतालाई अन्तराष्ट्रियस्तरमा नै स्वीकार गरिएको छ । नेपालमा पनि स्नातक भएको व्यक्तिले पत्रकारितामा निर्णायक पदमा रहेर काम गर्न पाउने व्यवस्था भएको दर्ता प्रक्रियाले प्रष्ट पार्दछ ।

रोल्पा जिल्लाको पत्रकार महिलाहरुको वैवाहिक अवस्थाको तथ्यांकलाई हेर्ने हो भने ४४ प्रतिशत विवाहित, ४१ प्रतिशत अविवाहित, ९ प्रतिशत एकल र ६ प्रतिशत नखुलेको देखिन्छ । यो तथ्यांकको विश्लेषणबाट विवाहपछि महिलाले सञ्चार क्षेत्रबाटै पलायन हुने कुरामा आंशिक मात्र सत्यता रहेको देखाउँछ । साथै विगतको तुलनामा वर्तमानमा विवाहित महिलाले पतिको र पतिको परिवारबाट पत्रकारिता क्षेत्रमा लाग्नलाई सहयोग र स्वीकृती पाउन थालेको देखाउँछ ।

रोल्पा जिल्लाका पत्रकार महिलाहरुकोपारिवारिक संरचनाको अवस्था अध्ययनले के देखाउँछ भने एकल परिवार भन्दा संयुक्त परिवारका महिलाहरु यो पेशामा धेरै संलग्न रहेका छन् । मानिसहरु एकल परिवारमा बस्न रुचाए पनि संयुक्त परिवारमा बसेका महिलाहरुले घरायसी काममा परिवारको सहयोग पाउने भएकाले गर्दा यो पेशामा वढी संलग्न भएका देखिन्छन् ।

रोल्पा जिल्लाका पत्रकार महिलाहरुको आर्थिक वस्तुस्थितिलाई हेर्दा उनीहरुको पारिवारिक पेशा रोल्पा जिल्लामा पत्रकार महिलाहरुको परिवारको आम्दानीको स्रोतलाई हेर्ने हो भने पनि ७१ प्रतिशत परिवारले कृषि पेशा अपनाएको देखिन्छ । भने १० प्रतिशत परिवारले मात्र नोकरी गरेको देखिन्छ । १० प्रतिशत परिवारले वैदेशिक रोजगारलाई आम्दानीको स्रोत मानेका छन् भने जम्मा ९ प्रतिशत परिवारले मात्र व्यापारबाट आम्दानी गरेको देखिन्छ ।

अध्ययनको तथ्यांकले पनि पत्रकारिता मात्रै गर्ने महिलाहरु जम्मा ११ जना छन् जसलाई प्रतिशतको हिसावले हेर्ने हो भने जम्मा ३२ प्रतिशत हुन आउँछ । पत्रकारितासँगै कृषि गर्ने १, व्यापार १, एन.जि.ओमा ५, अध्ययन ७, शिक्षण ३ छन् भने ६ जनाले खुलाउन चाहेका

छैनन् । यस तथ्यांकले पनि के देखाउँछ भने पत्रकारिता पेशालाई नै पूर्णरुपमा स्वीकार्न सक्ने वातावरण वनिनसकेको र जीविकोपार्जनको लागि अन्य कुनै न कुनै पेशामा झुण्डिनु पर्ने वाध्यता पत्रकारहरुलाई छ । ताकी यसले पत्रकारिताको गुणस्तरियातामा पनि प्रश्न उठाएको छ ।

रोल्पा जिल्लाका महिला पत्रकारहरुको परिवारमा रहेको सम्पत्तिको स्वामित्वको तथ्यांकलाई हेर्दा पति पत्नी दुवैको स्वामित्वमा रहेको १ जना मात्र देखियो । प्रतिशतको हिसावले करिव ३ प्रतिशत मात्र हुन आउँछ । १२ जनाको बुबाको स्वामित्वमा रहेको, ८ जनाको ससुराको , २ जनाको सासुको, ४ जनाको श्रीमानको र ७ जनाले खुलाएका छैनन् । यो तथ्यांकले पत्रकार महिला मात्र हैन सम्पूर्ण महिला सम्पत्तिको स्वामित्वबाट बन्चित रहेका छन् भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

रोल्पा जिल्लाका पत्रकार महिलाहरुको अध्ययनको तथ्यांकबाट के देखिन्छ भने १० हजार भन्दा कम तलव पाउने ९ जना, ११ हजार देखि १९,५०० सम्म तलव पाउने ५ जना र २० जनाले कति तलव पाउने खुलाएका छैनन् । यस अध्ययनको क्रममा पत्रकार महिलाहरुले बाहिर देखाउनलाई नियुक्तिमा यति रुपैंया भनेर तोके पनि नदिने गरेको खुलासा छलफलको क्रममा गरेका छन् ।

रोल्पा जिल्लाका पत्रकार महिलाहरुले आफूले आर्जन गरेको रकमबाट आफ्नो शिक्षा, खाद्यान्न, कोठा भाडा, लत्ता कपडा अन्य विविध खर्च गर्ने गरेको वताएका छन् । आफ्नो स्रोतबाट माथि उल्लेखित क्षेत्रहरुमा खर्च हुने भएकोले वचत नभएको बताएका छन् ।

रोल्पा जिल्लाको समग्र पत्रकारिताको इतिहासलाई हेर्ने हो भने पनि एक दशक मात्र भएको छ । २०६५ साल वैसाख ९ गते सम्पन्न पत्रकार महासंघ जिल्ला शाखा रोल्पाको दोस्रो जिल्ला अधिवेशनमा आईपुगे पछि मात्र पत्रकार महासंघ जिल्ला शाखा रोल्पाको तथ्यांक अनुसार महिला साधारणसदस्यको संख्या जम्मा ५ जना पुगेको देखिन्छ भने यस शोधको लागि लिएको अर्न्तवार्ताको तथ्यांक अनुसार पनि २०६३ साल देखि २०६५ साल सम्म पत्रकारिता क्षेत्रमा प्रवेश गरेका महिलाहरुको संख्या ६ जना देखिन्छ । २०६६ देखि २०७० सम्म पत्रकारिता गर्ने पत्रकार महिलाहरु ६ जना र २०७१ देखि २०७३ सम्म पत्रकारिता क्षेत्रमा प्रवेश गरेर पत्रकारिता गर्ने पत्रकार महिलाहरु १० जना छन् ।

बहुसँख्यक सञ्चारकर्मी महिलाहले किन सञ्चार क्षेत्रलाई रोजे भने व्यक्तित्व बनाउन, मान प्रतिष्ठाका लागि, जीवनशैली बनाउन र लैंगिक हिंसाका घटनाहरुलाई बाहिर ल्याउन, सामाजिक सेवा गर्नका लागि यो क्षेत्र रोजेको बताए ।

माध्यमका दृष्टिले रोल्पा जिल्लामा पत्रकार महिलाहरु मध्ये छापा माध्यममा संलग्न महिलाहरुको संख्या बढी देखिएको छ । क्रियाशील पत्रकारमहिलाहरु मध्ये रेडियोमा काम गर्ने पत्रकार महिलाहरु ३८ प्रतिशत र छापामा काम गर्ने पत्रकार महिलाहरु ४३ प्रतिशत र रेडियो र छापा दुवैमा काम गर्ने पत्रकार महिलाहरु १९ प्रतिशत रहेको उल्लेख गरेका छन् ।

बहुसँख्यक पत्रकार महिलाहरुले कुनै न कुनै तालिम हासिल गरेका छन् । अनुसन्धान क्रममा सहभागी पत्रकार महिलाहरु मध्ये २२ जनाले तालिम लिएको उल्लेख गरेका छन् भने १२ जनाले केही उल्लेख गरेका छैनन् । यसरी तालिम लिएका पत्रकार महिलाहरु मध्ये १३ जनाले स्थानीय स्तरको, ६ जनाले क्षेत्रीय स्तरको, ३ जनाले राष्ट्रिय स्तरको तालिम लिएका छन् ।

लैंगिक विषय जुन विषयले अहिलेको अवस्थामा बहुसरोकार राख्दछ, त्यस्तो विषयमा तालिम प्राप्त हुनु र नहुनुले पत्रकार महिलाहरुको काममा पनि निकै प्रभाव पार्दछ । त्यसैले प्रस्तुत अध्ययनमा पत्रकार महिलाहरु र लैंगिक विषयमा लालिमको पक्षलाई पनि समेटिएको छ । पत्रकार महिलाहरु मध्ये १३ जनाले मात्र लैंगिक विषयमा तालिम लिएको बताएका छन् भने २१ जना महिलाहरुले लैंगिक विषयमा तालिम नलिएको बताएका छन् । क्रियाशील महिलाहरुको संख्यालाई मात्र हेर्ने हो भने पनि करिव ६१ प्रतिशतले मात्र यस विषयमा तालिम लिएको देखिन्छ ।

अध्ययनमा समावेश भएका पत्रकार महिलाहरु केहीले चिनेको मान्छेको सहयोगले र केहीले आफै कुरा गरेर सेवा प्रवेश गरेको जनाएका छन् ।

सेवा प्रवेशपछि सेवामा कार्यरत व्यक्तिले खोज्ने पहिलो कुरा नै नियुक्ति हो । नियुक्ति पत्र पत्रकारका लागि एकप्रकारको कामको प्रत्याभूति पनि हो । अध्ययनबाट प्राप्त जानकारी अनुसार कुल सहभागीहरुमध्ये ३८ प्रतिशतले मात्र नियुक्ति पत्र पाएका छन् । नियुक्ति पत्रका सन्दर्भमा सञ्चारकर्मी महिलाहरुको स्थितिलाई सन्तोषजनक तथा सकारात्मक मान्न सकिने स्थिति देखापर्दैन । २९ प्रतिशतले मौखिक शर्तमा काम गरेको बताएका छन् । केही

पत्रकार महिलाहरु आफ्नो नियुक्तिको वारेमा अनभिज्ञ रहेको पाइयो । ३३ प्रतिशत पत्रकार महिलाहरुले नियुक्ति पत्र या मौखिक शर्त केही खुलाएका छैनन् ।

यस अध्ययनको क्रममा जम्मा ३४ जना पत्रकार महिलाहरुलाई प्रश्नावली भराए पनि पत्रकार महासंघको सदस्यता लिएका २३ जना मध्ये १० जना मात्र आफूहरु नियमित पत्रकारिता गरेको देखाएका छन् । अन्य १३ जना पत्रकार महिलाहरु पत्रकार महासंघको र विभिन्न दलका भातृसंगठन अन्तर्गतका पत्रकारहरुको अधिवेशनमा भोट हाल्नको लागि मात्र आवद्धता भएको छलफलको क्रममा देखिएको छ । पत्रकार महासंघमा आवद्ध १० र अन्य स्वतन्त्र पत्रकारहरु ११ गरी जम्मा २१ जना मध्ये यहाँ कामको प्रकृति अनुसार निर्णायक कि सहायक विषयगत कार्यक्षेत्र, कामको बाँडफाँड र जिम्मेवारी जस्ता पक्षमा अध्ययन गरिएको छ । अध्ययनको तथ्यांकलाई हेर्ने हो भने निर्णायक भन्दा सहायक वढी देखिएको छ । रोल्पा जिल्लामा क्रियाशील पत्रकार महिलाहरु मध्ये विज्ञापन व्यवस्थापक १, सम्पादक २, अतिथि सम्पादक १, प्रकाशक तथा कार्यकारी सम्पादक १, सह सम्पादक १, फिचर राइटि[a] १, समाचार वाचक ५, कार्यक्रम संचालक २, समाचारदाता ५ र प्राविधिक २ जना भएको वताएका छन् ।

कम जनशक्तिको आधारमा बढी काम लिनुपर्ने नेपाल जस्तो मुलुकमा सञ्चालित सञ्चार माध्यमहरुमा भने 'बिट'को चलन त्यत्ति विकसित हुन सकेको छैन । रोल्पा जिल्लामा त झनै बिटको चलन छैन भन्दा पनि हुन्छ । उत्तरदाताले दिएको उत्तरबाट पनि पत्रकारहरु विषयगत कार्यक्षेत्रमा निश्चितता छैन भन्ने कुरा अनुमान लगाउन सकिन्छ । तथ्यांक हेर्दा राजनीतिक क्षेत्रमा ५ प्रतिशत, आर्थिक क्षेत्रमा ५ प्रतिशत, ३३ प्रतिशत लैंगिक क्षेत्रमा र निश्चित कार्यक्षेत्र नभएको ५७ प्रतिशत रहेका छन् । प्रश्नावलीमा केही प्रतिशतले क्षेत्र भएको देखाएपनि खासै निश्चित क्षेत्र भएको देखिदैन ।

पत्रकार महिलाहरुको पक्षमा जाने केही सीमित कुरामध्ये पुरुष सहकर्मीको व्यवहारलाई पनि अध्ययन गरिएको छ । बहुसंख्यक पत्रकार महिलाहरुले पुरुष सहकर्मीको व्यवहार राम्रो रहेको बताए । ५२ प्रतिशत पत्रकार महिलाहरुले पुरुष सहकर्मीको व्यवहार राम्रो, २९ प्रतिशतको सामान्य र १९ प्रतिशतले खुलाएका छैनन् ।

# घटना अध्ययन

## घटना नं. १

**'पत्रकारिता मेरो जीवन हो ।'**

–देवी गुरुa, सह सम्पादक सनस्टार साप्ताहिक

लिबाa नगरपालिका ९, रोल्पाकी स्थायी बासिन्दा देवी गुरुa जिल्लाको समकालिन संचार जगतमा सक्रिय रुपमा क्रियाशील पत्रकार हुन् । १४ वर्षको कलिलो उमेरमा वैवाहिक जीवनमा वाँधिएर एक छोरीकी आमा समेत रहेकी उनले पत्रकारिताको तालिम ल्याईसकेपछि शुरुमा स्वयंसेवी रुपमा आफूलाई यस क्षेत्रमा संलग्न गराएकी हुन् । हाल २८ वर्षिय देवी रेडियो जलजला, सनस्टार साप्ताहिक लगायतमा आवद्ध रहेकीछन् ।

प्रिन्ट मिडियाको क्षेत्रमा सनस्टार साप्ताहिकमा सह सम्पादकको जिम्मेवारीमा रहेकी उनले रेडियो जलजलामा समाचार बाचन गर्ने गर्छिन् । समाचार सम्प्रेषणको सन्दर्भमा महिला र बालबालिकाका सवालहरु, लैंगिक हिंसा, बालविवाह, प्रजनन स्वास्थ्य समस्या लगायतका विषयहरु आफ्नो प्राथमिकताको क्षेत्र रहेको बताउँछिन् ।

एक छोरीकी आमा समेत रहेकी देवीको श्रीमान वैदेशिक रोजगारीमा छन् । पारिवारिक व्यवस्थापनका साथै पत्रकारितामा सक्रियता पूर्वक लागेकी पत्रकार देवीले आफ्नो शैक्षिक यात्रालाई स्नातक तहमा जारी राखेकी छन् । पत्रकारिता सम्वन्धि लामो अवधिमा १५ दिनसम्म तालिममा सहभागी भएको बताउने पत्रकार देवीको अनुभवमा यस क्षेत्रमा आफूलाई सहयोगी र सम्मानित व्यवहार रहेको बताउँछिन् । वि.स २०६६ सालदेखि जिल्ला सदरमुकाममा रहेर पत्रकारिता गर्ने देवी रेडियोको न्यूनतम पारिश्रमिक र पारिवारिक कृषि पेशा नै आफ्नो मुख्य आम्दानीको स्रोत रहेको बताउने देवीले आफ्नो आम्दानीले छोरी र आफ्नो पढाईमा खर्च र सामान्य अन्य खर्चमा नै नपुग्ने भएकाले वचत नभएको बताउँछिन् ।

१४ वर्षको उमेरमा ७ कक्षामा पढ्दै गर्दा विवाह गरेर १६ वर्षको उमेरमा अनिच्छत आमा बन्नुपरेपछि जीवन अन्यौलमा रहेको अवस्थामा पत्रकारिता तालिम र रेडियो तथा पत्रिकामा अवसर र आफ्नो निरन्तर मेहनतले हाल आफूलाई पत्रकारिता नै मेरो जीवन हो जस्तो लाग्छ भन्छिन् । पत्रकारिता क्षेत्रमा महिलालाई त्यति सहज नभएको बताउने देवी रोल्पा

जिल्लामा पत्रकार महिलाहरु केवल विभिन्न पत्रकार भातृसंगठनको भोटरको रुपमा बढी प्रयोग भएको बताउँछिन् । पत्रकारिता क्षेत्रमा महिलाहरुले निरन्तरता दिन नसक्नुमा समयमै पारिश्रमिक नपाउनु, चाहेको बखत विदा नपाउनु, घर परिवारलाई समय व्यवस्थापन गर्न नसक्नु मुख्य समस्या रहेको छ भन्छिन् । महिलाहरुलाई पत्रकारिता क्षेत्रमा संख्यात्मक तथा गुणात्मकता ल्याउन  महिलाहरुको क्षमता अभिवृद्धि गर्ने, न्यूनतम पारिश्रमिकको व्यवस्था गर्ने र संचार जगतलाई महिलामैत्री बनाउन जरुरी छ भन्दछिन् ।

**घटना नं. २**

**'पत्रकारिता महिलाका लागि चुनौती र अवसर दुवै हो ।'**

– ईश्वरी जि.एम, सचिव पत्रकार महासंघ, रोल्पा

रोल्पा जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने नुवागाउँ गा.वि.स स्थायी ठेगाना भएकी ईश्वरी,२९ रोल्पा जिल्लाको पत्रकारिता क्षेत्रकी नक्षत्र हुन् । रेडियो रोल्पामा वि.स २०६५ देखि समाचार बाचनबाट पत्रकारिता शुरु गरेकी ईश्वरी हाल रोल्पा जिल्लाबाट प्रकाशित हुने जनआकांक्षा साप्ताहिकको प्रकाशक तथा कार्यकारी सम्पादक हुन् । शुरुमा नाम कमाउने रहरले यस क्षेत्रमा प्रवेश गरेको बताउने ईश्वरीले पत्रकारिता महिलाका लागि चुनौती र अवसर दुवै हो भन्छिन् ।

पत्रकार महिलाहरुलाई पारिवारिक, सामाजिक, आर्थिक समस्या उत्तिकै छन् त्यसमा लैंगिक विभेदजन्य व्यवहार पत्रकार महिलाका लागि अहिलेको प्रमुख समस्या रहेको बताउँछिन् । अन्य पेशा जस्तै पत्रकारिता गरे वापत मासिक पारिश्रमिकको सबै मिडियाहरुले व्यवस्थापन गर्न नसक्दा पनि पत्रकार महिलाहरुमाथि थप समस्या परेको छ भन्छिन् उनी । पत्रकार महिला आवद्ध संचारगृहले उचित अवसर, प्रोत्साहन र जिम्मेवारी दिन नसक्दा पत्रकार महिलाहरु पलायन हुने अवस्था आएको बताउँछिन् । पत्रकार महिलाहरु घर कार्यालयको काम गर्नुपर्ने दोहोरो जिम्मेवारी र जोखिमपूर्ण कामका कारण पनि उही पेशामा टिकीरहन समस्या छ भन्छिन् ।

२ छोरीकी आमा बनिसकेकी ईश्वरीका श्रीमान होटल व्यवसाय गर्दछन् । श्रीमान र परिवारको भरपूर सहयोग पाएकी ईश्वरीले पत्रकारिता पेशा महिलाका लागि चुनौती रहे पनि संचारगृहलाई महिलामैत्री बनाई हरेक मिडियामा महिलाहरुको समान सहभागिताको

सुनिश्चिता, समविकासका कार्यक्रम संचालन गर्न सके र महिलाहरु पनि पेशागत दायित्व, कर्तव्य, आचारसंहिता, इमान्दारितालाई पालना गरी कमजोर भाव र हिनतावोधलाई त्यागेर सक्षमतालाई प्रदर्शन गर्ने हिम्मत गरी पेशामा टिक्न सके हिजोको दिनमा गलत दृष्टिकोण राख्नेहरुले पनि पत्रकार महिलाहरुलाई सम्मानजनक हिसावले हेर्नेछन् र सोही अनुरुप व्यवहार गर्न बाध्य हुनेछन् भन्छिन् ।

<u>**घटना नं. ३**</u>

**'अझैंसम्म समाजमा खुलेर महिलाको पक्ष लिने अवस्था छैन ।'**

– दाना के.सी., अतिथि सम्पादक सुनछहरी साप्ताहिक

दाना के.सी, ३५ गजुल गा.वि.स ४, हाल रोल्पाको सुलीचौरमा स्टेशनरी पसलको साथै पत्रकारिता गर्छिन् । १६ वर्षको उमेरमा विवाह गरेकी दाना २०५८ मा उनको श्रीमानको मृत्यु भए पछि हाल २ छोरी सहित एकल जीवन विताईरहेकी छन् । स्नातक सम्म अध्ययन गरेकी दाना २०६५ साल देखि पत्रकारिता गर्दै आएकी हुन् । हाल उनी सुनछहरी साप्ताहिकमा अतिथि सम्पादकको रुपमा छिन् । एक हप्ता सम्मको पत्रकारिता तालिम लिएकी दाना म महिला सम्वन्धि समस्यालाई बढी लेख्ने गरे पनि सबै विषयलाई उत्तिकै महत्व दिन्छु भन्छिन् ।

पत्रकारिता गरे वापत अहिले सम्म कुनै पारिश्रमिक नपाएको बताउने दाना नियुक्तिको कागज भने दिएको बताउँछिन् । पत्रकारिता पेशाको रुपमा भन्दा पनि आत्मसन्तुष्टीको लागि लेख्ने गरेको बताउँछिन् । आफूले लैंगिक हिंसाका घटनाहरुलाई वाहिर ल्याए पनि ती घटनाहरु मिलापत्रमा मिलाउने गरेको खासै त्यस्तो कानुनी उपचार नपाएको बताउँछिन् ।

पत्रकार महिलाहरु अन्याय भएमा पुरुष सहकर्मीहरुले महिलाको पक्ष लिए जस्तो गरे पनि अझैं सम्म समाजमा खुलेर महिलाको पक्ष लिने अवस्था नभएको बताउँछिन् । घर परिवारले सकारात्मक रुपमा लिने, समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन, मिडिया संचालकहरुले नियमित पारिश्रमिकको व्यवस्था गर्ने हो भने महिलाहरुलाई पत्रकारिता क्षेत्रमा टिकिरहन सघाउ पुग्छ जस्तो लाग्छ भन्छिन् उनी ।

**घटना नं. ४**

**'भोट हाल्न बोलाए पछि जान्छु ।'**

–सुप्रिया श्रेष्ठ(नाम परिवर्तन)

लिबाª न.पाको वीचवजारकी स्थायी वासिन्दा ३२ वर्षिय सुप्रिया २०६५ सालमा रेडियो रोल्पामा समाचार वाचिकाको रुपमा काम गर्थिन् । आफै कुरा गरेर पत्रकारिता क्षेत्रमा लागेको सुप्रिया हाल पत्रकारिता पेशा छोडेर शिक्षण पेशामा लागेको बताउँछिन् । पत्रकारिता क्षेत्रमा न्यूनतम पारिश्रमिक पनि नपाइने र स्थायीत्व पनि नहुने भएपछि आफूले छोडेको बताउँछिन् । न्यूनतम पारिश्रमिक पनि नपाएपछि कसरी टिक्न सकिन्छ र भन्छिन् उनी । एक छोरा र एक छोरीकी आमा सुप्रिया पारिवारिक जिम्मेवारी वहन गर्न पनि आर्थिक आवश्यकता पर्छ कति दिन परिवारलाई मागेर सम्भव हुन्छ र त्यसैले मैले पत्रकारिता छोड्नु परेको हो भन्छिन् उनी ।

स्नातकोत्तर तहमा अध्ययनरत सुप्रिया समाचार स्रोत संकलनमा पनि महिलालाई भेदभावपूर्ण व्यवहार गरिने बताउने उनी महिलाहरुको यस क्षेत्रमा संख्यात्मक तथा गुणात्मकता बढाउन लैंगिक विभेदको अन्त्य, महिला सशक्तिकरणका कार्यक्रम तथा विस्तार गरिनु आवश्यक भएको बताउँछिन् । आफू पत्रकार महासंघमा आवद्ध भए पनि आफूले कहिल्यै सदस्यता नवीकरण नगरेको, नवीकरण पनि कसले गर्दिन्छ थाहा छैन म त भोट हाल्न बोलाए पछि मात्र जान्छु भन्छिन् ।

**घटना नं ५**

**' खोजमुलक पत्रकारितालाई महत्व दिएकी छु'**

-उमा के.सी.,पत्रकार

लिबाª नगरपालिका वडा नं. ७ की स्थायी बासिन्दा उमा, ३२ ले स्नातक सम्मको अध्ययन गरेकी छन् । एक छोराकी आमा उमाका श्रीमान नेपाल प्रहरीमा जागीर गर्छन् । बाबुआमा व्यापारी भएकी उमा शुरुमा सदरमुकामकै नीजि विद्यालयमा अध्यापन गर्थिन् ।

अध्यापन पेशाबाट सन्तष्ट हुन नसकेकी उमा वि.सं. २०६६ सालमा रेडियो रोल्पामा समाचार वाचिकाको रुपमा काम गर्न थालेकी हुन् । हाल उनी सुनछहरी साप्ताहिक

पत्रिकामा पनि आवद्ध छिन् । १० दिन सम्मको स्थानीय स्तरको पत्रकारिता तालिम लिएकी उमा लैंगिकता सम्वन्धि विषयलाई आफूले विषय रोजेको बताउँछिन् । हरेक विषयवस्तुको खोजमुलक हुनुपर्ने र आफूले खोजमुलक पत्रकारितालाई महत्व दिएको बताउने उमा आफूले अंगालेको पेशालाई समाजले पनि सम्मानित रुपमा हेरेको बताउँछिन् । आफू यो पेशाबाट सन्तुष्ट रहेको बताउने उमा आफू महिला भएकै नाताले जिम्मेवारी दिनमा कहिल्यै पनि भेदभाव नगरिएको बताउँछिन् ।

पत्रकारिता बाहेक अन्य पेशा नगर्ने उमा आफ्नो मुख्य आम्दानीको स्रोत भने बताइनन् । पत्रकार महिलाहरुले पेशालाई निरन्तरता दिन नसक्नुको कारण उनले पनि पारिश्रमिक नहुनु, पारिवारिक झमेला, बच्चा बच्चीको स्याहार आदि हुन् भन्छिन् । पत्रकारिता क्षेत्रमा महिलाहरुको संख्यात्मक तथा गुणात्मक सहभागिता वृद्धि गर्न गाउँ तह देखि नै तालिम तथा महिला सशक्तिकरणको व्यवस्था र उचित पारिश्रमिक दिनुपर्छ भन्छिन् उनी ।

# सन्दर्भ सामग्री

आचार्य, मीना (२०६२), *नेपालमा महिला विकासका प्रयत्नहरु,* टंक प्रसाद आचार्य स्मृति प्रतिष्ठान, Fredrich Ebert Stiftung।

कँडेल, शुभशंकर (२०६२), *नेपाली पत्रकारिता,* काठमाडौं : पैरवी प्रकाशन ।

खड्का, गगनशीला (८ माघ २०७०), ‘‘चुनौतीवीच पत्रकार महिला’’, नागरिक न्यूज ।

दाहाल, धनविर (२०१७ जनवरी २९), ‘‘पत्रकार, पत्रकारिता र समाज’’ हिमाल पाटी www.himalpati.com .

नेपाल सरकार (२०३८), *छापाखाना तथा प्रकाशन,* ऐन ।

नेपाल सरकार (२०६५), “न्यूनतम पारिश्रमिक निर्धारण समितिको प्रतिवेदन” ।

नेपाल सरकार (२०६१), *लैंगिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना,* नेपाल सरकार (२०६८) राष्ट्रिय जनगणना ।

नेपाल सरकार (२०६९), “संचार माध्यमलाई समावेशीकरण गर्ने सम्वन्धि उच्च स्तरिय आयोगको प्रतिवेदन” ।

पाठक, एकराज (२०७२), “पारदर्शिता, सूचनाको हक र सञ्चार माध्यमको भूमिका” सूचनाको अधिकार ।

विष्ट, दिपेश (२०७२) “इतिहासदेखि अहिलेसम्मको पत्रकारिता” एक दशक नेपाल पत्रकार महासंघ, रोल्पा ।

रिजाल, उमेशचन्द्र (२०१७), ‘‘समाजशास्त्र र पत्रकारिता’’ लुम्विनी खवर www.lumbinikhabar.com.

लेन बेनेट र अन्य (२०१३), *नेपालमा लैंगिक विभेद र सामाजिक वन्चितिकरण अद्यतन विश्लेषण,* काठमाडौं : हिमाल किताव ।

संचारिका समुह (२०६२), “संचारकर्मी महिलाको अवस्था”, अनुसन्धान प्रतिवेदन ।

संचारिका समुह (२०६८), “काठमान्डौ उपत्यकामा कार्यरत महिला संचारकर्मीहरुको अवस्था”, अनुसन्धान प्रतिवेदन ।

Global Report on the Status of women in the news media (2011), IWMF.

Pasicific,"Research Study on Media and Gender in Asia-Pacific," (2015) - IFJ Asia .

Rana, B. (2003). "The Network of Women in Media", India.

अनुसुची १

## त्रिभुवन विश्वविद्यालय

## समाजशास्त्र केन्द्रीय विभाग

## कीर्तिपुर ,काठमाडौ

# रोल्पा जिल्लामा पत्रकारमहिलाहरुको अवस्था सम्बन्धी अध्ययन

| ब्यक्तिगत विवरण | |
|---|---|
| जिल्ला .......................गा.वि.स/न.पा................... | वार्ड नं .......... टोल .............. |
| उत्तरदाताको नामः ............................................ | उमेर : ......................... |
| जात/जाति : ....................... | परिवारको संख्या : ....................... |
| धर्म : ................ | मातृभाषाः .......................... |
| बुबाको पेशा :....................... | आमाको पेशा :........................ |
| वैवाहिक स्थिति : ...................... | श्रीमानको जात .......................... |
| श्रीमानले अध्ययन पुरा गरेको तह ............................. | श्रीमानको पेशा :...................... |
| छोरा छोरीको संख्या : छोरा ............छोरी........... | सम्पत्तिको स्वामित्व : |
| परिवारको मुख्य आम्दानीको स्रोत : ....................... | |
| खर्च के, के मा : | |
| बचत कहाँ : | |

## व्यवसायिक विवरण :

| प्र.न. | प्रश्न | उत्तर |
|---|---|---|
| १. | तपाईले कुन तहको अध्यन पुरा गर्नुभएको छ ? | १.एस.एल.सी.२.प्लस टु ३.स्नातक ४.स्नातक भन्दा माथि |
| २. | तपाई संचार माध्यममा कहिले देखि आवद्ध हुनुभयो ? | ...................................... |
| ३. | तपाई कुन संचार माध्यमसँग आवद्ध हुनुहुन्छ ? | ......................................... |
| ४. | तपाई संचार माध्यममा सेवा प्रवेश कसरी गर्नु भयो ? | १.चिनेको मान्छेको सहयोगले२. खुला प्रतिस्पर्धा ३. आफै कुरा गरेर |
| ५. | तपाईले पत्रकारिता पेशा छान्नुको कारण के हो ? | ....................... |
| ६. | तपाईलाई नियुक्ति कसरी गरिएको छ ? | १. नियुक्ति पत्र दिएर २. मौखिक शर्तमा ३. |

| प्र.न. | प्रश्न | उत्तर |
| --- | --- | --- |
| | | थाहा छैन |
| ७. | तपाई र पुरुष सहकर्मीलाई नियुक्ति दिने प्रक्रिया कस्तो छ ? | १. समान २. फरक ३. थाहा छैन |
| ८. | तपाईलाई कुन पदको जिम्मेवारी दिइएको छ ? | ................................ |
| ९. | तपाईलाई दिइएको जिम्मेवारीबाट बढुवा हुने प्रावधान छ ? | १. छ २. छैन |
| १०. | तपाईलाई पारिश्रमिक कति दिइएको छ ? | .................................. |
| ११. | तपाईले पारिश्रमिक पाउने आधार के छ ? | १. दैनिक ज्यालादारी २. मासिक ३. अन्य ............. |
| १२. | तपाईले पारिश्रमिक समयमै पाउनु भएको छ ? | १. छ २. छैन |
| १३. | तपाईले पत्रकारिता सम्वन्धि तालिम लिनु भएको छ ? | १. छ २. छैन |
| १४. | तालिम लिनु भएको छ भने कुन पत्रकारिता तालिम लिनु भयो ? | १. रेडियो २. छापा ३. टेलिभिजन ४.सवै खाले |
| १५. | तालिम कति दिन/हप्ताको लिनु भयो ? | .......................................... |
| १६. | तपाईले कुन तहको तालिम लिनु भएको छ ? | १.स्थानीय २. क्षेत्रीय ३. राष्ट्रिय ४. अन्तराष्ट्रिय |
| १७. | तपाई पत्रकार महासंघमा आवद्ध हुनुहुन्छ ? | १) छु २) छैन |
| १८. | तपाई पत्रकार महासंघको कुन पदमा हुनुहुन्छ ? | ..................... |
| १९. | तपाईले लैंगिक विषयमा तालिम लिनु भएको छ ? | ................................ |
| २०. | तपाईको समाचार विट कुन हो ? | ........................................ |
| २१. | तपाईले कस्तो खालको समाचारलाई महत्व दिनुभएको छ ? | ......................................... |
| २२. | तपाई सूचना तथा समाचार संकलनमा जाँदा तपाईको रुचीलाई ध्यान दिइएको छ ? | १. छ २. छैन |
| २३. | तपाईले संकलन गरेर ल्याएको सूचनालाई कति महत्व दिइन्छ ? | १. धेरै २. कम ३. अवस्था हेरेर |
| २४. | तपाईलाई महिला सहकर्मीबाट गर्ने व्यवहार कस्तो छ ? | १. राम्रो २.सामान्य ३. नराम्रो |
| २५. | तपाईलाई पुरुष सहकर्मीबाट गर्ने व्यवहार कस्तो छ ? | १. राम्रो २.सामान्य ३. नराम्रो |
| २६. | तपाईलाई आफू भन्दा सिनियर महिलाबाट गर्ने व्यवहार कस्तो छ ? | १. सहयोगी २. असहयोगी ३. हेप्ने |
| २७. | तपाईलाई आफू भन्दा सिनियर पुरुषबाट गर्ने व्यवहार कस्तो छ ? | १. सहयोगी २. असहयोगी ३. हेप्ने |
| २८. | तपाई यो पेशामा सन्तुष्ट हुनुहुन्छ ? | १. छु २. छैन |

| प्र.न. | प्रश्न | उत्तर | |
|---|---|---|---|
| २९. | तपाई महिला भएकै नाताले जिम्मेवारी दिन भेदभाव गरिएको छ? | १. छ २. छैन | |
| ३०. | तपाई महिला भएकै नाताले पारिश्रमिक/समय आदि जस्ता कुरामा विभेद गरिएको छ ? | १. छ २. छैन | |
| ३१. | तपाई समाचार संकलनमा या ड्युटीमा जाँदा यातायात तथा बास खर्चको व्यवस्था गरिएको छ ? | १. छ २. छैन | |
| ३२. | तपाईलाई यो पेसामा रहन परिवारबाट कस्तो व्यवहार पाउनु भएको छ ? | १. सहयोगी २. असहयोगी ३. सामान्य | |
| ३३. | तपाईले यो पेसा अँगालेकोमा तपाईलाई समाजले हेर्ने दृष्टिकोण कस्तो पाउनुहुन्छ ? | १. सम्मानित २. हेपाहा ३. सामान्य | |
| ३४. | तपाईलाई समाचार संकलनमा जाँदा तथा कार्यक्षेत्रमा महिला भएकै कारणले दुर्व्यवहार गरिएको छ ? | १. छ २. छैन | |
| ३५. | यदि गरिएको छ भने कस्तो खालको दुर्व्यवहार गरिएको छ ? | १. गाली गलौज २. गलत दृष्टिकोणको शिकार ३. यौनजन्य व्यवहार ४.चरित्र हत्या | |
| ३६. | महिला पत्रकारमाथि अन्याय भएमा पुरुष सहकर्मीको प्रतिक्रिया कस्तो रहन्छ ? | १.महिलाको पक्ष २. विपक्ष ३. तटस्थ ४. वेवास्ता | |
| ३७. | तपाईलाई लैंगिक हिंसा नियन्त्रणका लागि बनेका ऐन, कानुनका बारेमा जानकारी छ ? | १. छ २. छैन | |
| ३८. | तपाईले लैंगिक विभेद तथा हिंसाका घटनालाई वाहिर ल्याउनु भएको छ ? | १. छ २. छैन | |
| ३९. | यदि बाहिर ल्याएको भए ती घटनाहरुले कानुनी उपचार पाएका छन् ? | १. छन् २. छैनन् | |
| ४०. | तपाईले समाचार संकलन/प्रकाशन/प्रसारण गरेका कारण कुनै डर, धम्की खेप्नु परेको छ ? | १. छ २. छैन | |
| ४१. | तपाई आवद्ध रहेको संस्थामा महिलासँग सम्वन्धित नीतिहरु निर्माण गरिएको छ ? | १. छ २. छैन | |
| ४२. | तपाई पत्रकारिता बाहेक के गर्नुहुन्छ ? | ......................... | |
| ४३. | तपाईले पत्रकारिता पेशा छाड्नु पर्ने अवस्था आएको छ ? | १. छ २. छैन | |
| ४४. | तपाईले पेशालाई निरन्तरता दिन नसक्नुको कारण के हो ? | | |
| ४५. | तपाईको मुख्य आम्दानीको स्रोत के हो ? | ............................... | |

| प्र.न. | प्रश्न | उत्तर | |
|---|---|---|---|
| ४६. | पत्रकार महिलाका समस्याहरु के छन् ? | ............................................... | |
| ४७. | पत्रकारिता क्षेत्रमा महिलाहरुको संख्यात्मक तथा गुणात्मक सहभागिता वृद्धि गर्न के गर्नुपर्ला ? | ..................................... | |

**तपाईको अमूल्य समय र जानकारीका लागि धन्यबाद ।**